"ऋण र धन, दुवैको सुरक्षण"

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

**Deposit & Credit Guarantee Fund**

# वार्षिक प्रतिवेदन

## आ.व. २०८१/०८२

**36th ACSIC CONFERENCE**

**NEPAL-2024**

निक्षेप तथा कर्जा सुरक्षण कोष
Deposit & Credit Guarantee Fund

# वार्षिक प्रतिवेदन
## आ.व. २०८१/०८२

# सञ्चालक समिति



**शोभाकान्त पौडेल**
अध्यक्ष
सचिव, महालेखा नियन्त्रक



**उत्तर कुमार खत्री**
सञ्चालक
सहसचिव, अर्थ मन्त्रालय



**बिनोद कुमार भट्टराई**
सञ्चालक
सहसचिव, कानून, न्याय तथा
संसदीय मामिला मन्त्रालय



**रोशन कुमार सिग्देल**
सञ्चालक
कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



**प्रकाश जंग थापा**
सञ्चालक
सि.ए., मनोनीत

सञ्चालक



**रमेश घिमिरे**
प्रमुख कार्यकारी अधिकृत
निक्षेप तथा कर्जा सुरक्षण कोष

# व्यवस्थापन समुह



रमेश घिमिरे
प्रमुख कार्यकारी अधिकृत



उषा पौडेल
नायव प्रमुख कार्यकारी अधिकृत



बिक्रान्त आचार्य
प्रबन्धक
कर्जा सुरक्षण विभाग



मन्दिरा थपलिया
प्रबन्धक
निक्षेप सुरक्षण विभाग



दिनेश कोइराला
प्रबन्धक
लेखा विभाग



बिदुर पराजुली
नायव प्रबन्धक
प्रशासन विभाग



नबीन भट्टराई
नायव प्रबन्धक
योजना, अनुसन्धान तथा
जाखिम व्यवस्थापन विभाग



अच्युत पन्त
नायव प्रबन्धक
कानून तथा अनुपालना विभाग
तथा आ.ले.प. विभाग



राजु के.सी.
कम्प्युटर अधिकृत
सूचना तथा तथ्याङ्क विभाग

# विषयसूची


१. निक्षेप तथा कर्जा सुरक्षण कोषको परिचय १

२. कोषको लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण ५

३. कोषको सुरक्षण कार्यक्रम र सोको प्रगती विवरण ५४

४. प्रमुख वित्तीय परिसूचकको विवरण ६७

# परिच्छेद १
# निक्षेप तथा कर्जा सुरक्षण कोषको परिचय

## १. कोषको संक्षिप्त परिचयः

नेपाल राष्ट्र बैंकले वि. सं. २०३१ (सन् १९७४) को शुरुवातमा बाणिज्य बैंकहरुले आफ्नो कुल निक्षेपको कम्तीमा ५ प्रतिशत कर्जा साना क्षेत्र (Small Sector) मा लगानी गर्नुपर्ने नीतिको तर्जुमा गरी प्राथमिकता प्राप्त क्षेत्रमा अनिवार्य लगानीको निर्देशन जारी गर्यो। वाणिज्य बैंकहरुले उक्त क्षेत्रमा गरिने लगानीमा बढी जोखिम महसुस गरेको हुँदा जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकको नेतृत्वमा कर्जा सुरक्षण गर्ने छुट्टै निकायको रुपमा वि. सं. २०३१ असोज ४ गते कम्पनी ऐन, २०२१ बमोजिम कर्जा सुरक्षण निगम (प्रा.) लि. को स्थापना भएको थियो। तत्पश्चात गरिबी न्यूनीकरण, रोजगार तथा स्वरोजगार सृजना, दुर्गम तथा पिछडिएको वर्ग र क्षेत्रमा संस्थागत कर्जाको पहुँच अभिवृद्धि लगायतका कार्यमा टेवा पुग्ने किसिमका कर्जाहरुको सुरक्षण गर्ने कार्य आजसम्म कोषले गर्दै आएको छ।

कर्जा सुरक्षण निगम विधिवत रुपमा स्थापना भए पश्चात नेपाल राष्ट्र बैंकका तर्फबाट दुई जना, नेपाल बैंकबाट एक जना र राष्ट्रिय बाणिज्य बैंकबाट १ जना गरी चार प्रतिनिधि भएको सञ्चालक समिति रहेकोमा हालको निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन बमोजिम अर्थ मन्त्रालयको सचिवको अध्यक्षताको ७ सदस्यीय सञ्चालक समिति रहने व्यवस्था छ ।

३ जना कर्मचारीको दरबन्दीबाट प्रशासनिक कार्य शुभारम्भ गरेको निगम हालको निक्षेप तथा कर्जा सुरक्षण कोषसम्म आइपुग्दा ८२ जनाको स्वीकृत दरबन्दी रहेको छ ।

वि.सं. २०७३ असोज १८ मा निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ लागू भए पश्चात निक्षेप तथा कर्जा सुरक्षण कोषको नामबाट सञ्चालित यस संस्थाको निक्षेप सुरक्षण र कर्जा सुरक्षण सम्बन्धी क्रियाकलापहरु ऐन, नियमावली, विनियमावली तथा कार्यविधिको व्यवस्था बमोजिम सञ्चालित छन् ।

२०४० सालबाट टंगालमा रहेको आफ्नै भवनबाट कार्य संचालन गरिरहेको कोषले स्थापनाकालमा नेपाल राष्ट्र बैंकको कार्यालय बालुवाटारबाट आफ्नो कार्य सुरुवात गरेको थियो । वि.सं. २०८१ पुस ८ गतेबाट संचालनमा आएको मुख्य शाखा कार्यालय र प्रत्येक प्रदेशमा १/१ शाखा गरी कुल जम्मा ८ वटा शाखा कार्यालय रहेको कोषले २०५१ सालमा विराटनगर, विरगंज, पोखरा, सिद्धार्थनगर (भैरहवा), नेपालगंज र धनगढीमा सम्पर्क कार्यालय सञ्चालनमा ल्याई आफ्नो कार्यलाई विकेन्द्रीकरण गरेको थियो ।

नेपाल सरकारको ९० प्रतिशत र नेपाल राष्ट्र बैंकको १० प्रतिशत लगानी रहेको निक्षेप तथा कर्जा सुरक्षण कोषमा स्थापना कालमा नेपाल राष्ट्र बैंक, नेपाल बैंक र राष्ट्रिय बाणिज्य बैंकको संयुक्त लगानी थियो । स्थापनाको झण्डै एक दशकको अवधि पश्चात वि. सं. २०४२ सालमा नेपाल सरकारले प्रत्यक्ष लगानी समेत कोषले प्राप्त गर्यो। यद्यपि कोषको मुख्य सेयरहोल्डरका रुपमा नेपाल राष्ट्र बैंक नै रहदै आएकोमा वि.सं. २०६७ पश्चात निक्षेप सुरक्षण कार्यक्रमको शुरुवात भएसँगै नेपाल सरकारले लगानी बढाई मुख्य लगानीकर्ताको रुपमा रहदै आएको छ भने निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ लागू भए पश्चात नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको शेयर रकम फिर्ता गरिएको छ।

## २. कोषका कार्यक्रमहरुमा विविधीकरणः

नेपाल राष्ट्र बैंकले प्राथमिकता क्षेत्र कर्जा प्रवाहमा अनिवार्यता हटाएसँगै कोषले सञ्चालन गर्दै आएको प्राथमिकता क्षेत्र कर्जा सुरक्षण कार्यक्रम समेत वि.सं. २०६४ पछि बन्द भएको थियो। तत् पश्चात कोषले देहाय बमोजिमको कर्जा सुरक्षण कार्यक्रमहरु सञ्चालन गरी आफ्नो व्यवसायलाई विस्तारीकरण गर्दै आएको छ।

१. साना तथा मझौला कर्जा सुरक्षण (वि.सं. २०६०)

२. लघुवित्त तथा विपन्न वर्ग सुरक्षण (वि.सं. २०६४)

३. कृषि कर्जा सुरक्षण (वि.सं.२०७१)

४. व्याजमा अनुदान प्राप्त सहुलियतपूर्ण कर्जा सुरक्षण (वि.सं.२०७५)

५. स्टार्टअप उद्यम कर्जा सुरक्षण (वि.स. २०८१)

६. लघु कर्जा अतिरिक्त सुरक्षण (वि.स. २०८२)

७. पशुधन सुरक्षण (वि.स. २०४४)

वि.सं.२०७५ मा शैक्षिक तथा शैक्षिक बेरोजगार कर्जा सुरक्षण कार्यक्रम र वि.सं.२०७६ मा निर्यात कर्जा सुरक्षण कार्यक्रम संचालनमा आएता पनि हालसम्म आशातीत प्रगति हासिल गर्न सकेको छैन् ।

मिति २०८१/०४/०४ मा रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण योजना र मिति २०८१/१२/२२ मा प्रादेशिक साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम संचालक समितिबाट स्वीकृत गरी कोषले आफ्नो व्यवसायलाई थप प्रवद्धन गर्ने प्रयास गरिरहेको छ । कर्जा सुरक्षण नियमावली, २०७५ को चौथो संशोधन (मिति २०८०/०५/२८) पश्चात कोष संचालक समितिले नै बजारको माग तथा आवश्यकता बमोजिम सुरक्षण योजना स्वीकृत गरी कार्यान्वयन गर्न सक्ने नीतिगत सुधार गरिएको अवस्था रहेको छ ।

## ३. निक्षेप सुरक्षण कार्यक्रमको थालनीः

आ.व.२०६६/६७ को बजेट बक्तब्य मार्फत दुई लाखसम्मको निक्षेपको बीमा गर्ने नीति नेपाल सरकारले लिएसँगै नेपाल राष्ट्र बैंकले आ.व. २०६७/६८ को मौद्रिक नीतिमा निक्षेप सुरक्षणलाई तत्कालै कार्यान्वयन गर्ने व्यवस्था गरेको थियो । तत् पश्चात कोषले निक्षेप सुरक्षण विनियमावली २०६७ बनाई निक्षेप सुरक्षण कार्यको शुरुवात गरिएको थियो । उक्त व्यवस्था निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ तथा निक्षेप सुरक्षण नियमावली, २०७५ मार्फत हालसम्म सञ्चालन हुदै आएको छ । वि.सं.२०७५ देखि निक्षेप सुरक्षणको सीमा सीमा ३ लाख रहेकोमा वि.सं. २०७९ श्रावण १ गते देखि बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्तिको नाममा रहेको रु. ५ लाख सम्मको निक्षेपको सुरक्षण कोषले गर्दै आएको छ । मिति २०८१/१२/१८ को सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ ले कोष ऐनको संशोधन मार्फत सहकारी संस्थाको समेत बचतको सुरक्षण गर्नुपर्ने कार्यभार थप गरिदिएको अवस्था छ ।

## ४. कोषको पूँजीः

चुक्ता पूँजी १० अर्ब रहेको कोषको स्थापना कालमा रु.३० लाख (नेपाल राष्ट्र बैंकको रु २० लाख, नेपाल बैंकको रु. ५ लाख र राष्ट्रिय बाणिज्य बैंकको रु ५ लाख) को चुक्ता पूँजी रहेको थियो । ऐन आउनु अघि रु.२ अर्ब चुक्ता पूँजी रहेको कोषको ऐन लागू पश्चात छोटो समयमा नै चुक्ता पूँजी १० अर्ब पुर्याइएको थियो। निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ मा कोषको पुँजीमा नेपाल सरकारको ९० प्रतिशत र नेपाल राष्ट्र बैंकको १० प्रतिशत स्वामित्व रहने स्पष्ट प्रावधान रहेको छ।

## ५. कोषको रणनीतिः

### ५.१ दूरदृष्टि (Vision)

विश्वसनीय कर्जा एवम् निक्षेप सुरक्षण सेवाप्रदायक संस्थाको रूपमा स्थापित हुने ।

### ५.२ दीर्घकालीन लक्ष्य (Mission)

सर्वसाधारणको निक्षेप र लक्षित वर्ग तथा क्षेत्रमा प्रवाहित संस्थागत कर्जाको सुरक्षण गरी बैंकिङ्ग तथा वित्तीय प्रणालीप्रतिको विश्वसनीयता अभिवृद्धि गर्ने ।

### ५.३ कोषको उद्देश्य (Objective)

कोषका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः

- » सर्वसाधारणको निक्षेप र संस्थागत कर्जाको संरक्षण गर्ने ।
- » सर्वसाधारणको आर्थिक हितको संरक्षण र सम्बर्धन गर्ने ।
- » सुरक्षण कोषलाई सुदृढ बनाउने ।

### ५.४ व्यवस्थापकीय मान्यता (Core Values)

कोषका संस्थागत मूलभूत मान्यताहरू (Core Values) देहाय अनुरूप हुनेगरी निर्धारण गरिएको छ । यसलाई सांकेतिक रूपमा TRUSTED भनेर बुझिन्छ। जसमा देहाय बमोजिमको अभिप्राय अन्तर्निहित छ ।

पारदर्शी (**Transparency**)ः कोषले आफ्ना कामकारबाही पारदर्शी ढंगले सम्पादन गर्नेछ ।

जिम्मेवार एवं जवाफदेही (**Responsible** & **Accountable**)ः कोषले आफ्नो उद्देश्य प्राप्तिका लागि ऐन, नियम तथा प्रचलित व्यवस्थाले निर्दिष्ट गरे बमोजिमका कार्य जिम्मेवार एवं उत्तरदायी भई सम्पादन गर्नेछ ।

निष्पक्ष (**Unbiased/Fair**)ः सेवाग्राही, कर्मचारी, साझेदार लगायतका सबै सरोकारवालाहरू प्रतिको व्यवहार र कारोबारमा कोष निष्पक्ष रहनेछ।

सुरक्षा (**Security**)ः कोष सञ्चालनसँग सम्बद्ध समग्र क्रियाकलापहरूमा सुरक्षालाई उच्च प्राथमिकता दिइनेछ।

प्रविधिमैत्री (**Techno-friendly**)ः कोषको कार्यवातावरण पूर्ण रूपमा प्रविधिमैत्री बनाउने तर्फ केन्द्रित हुनेछ।

प्रभावकारी (**Effective**)ः सेवामा प्रभावकारिता कोषको मूलमन्त्र रहनेछ।

गतिशील (**Dynamic**)ः परिवर्तित परिवेश र बजारको माग अनुरूप कोषले आफ्ना क्रियाकलापमा गतिशीलता कायम गर्नेछ।

## ६. कोषको अन्तर्राष्ट्रिय आबद्धताः

सन् १९८७ मा एसियाका विभिन्न १० वटा कर्जा सुरक्षण गर्ने संस्थाहरुले स्थापना गरेको साझा संगठन AC-SIC (Asian Credit Supplementation Institution Confederation) को नेपाल संस्थापक सदस्य हो। यसको सातौं सम्मेलन सन् १९९४ ( वि.सं. २०५१ ) मा नेपालमा कर्जा सुरक्षण निगमले आयोजना गरेको थियो। सो पश्चात नेपालले बर्ष सन् २०२४ सेप्टेम्बर २० देखि २५ सम्म (वि.सं. २०८१/०६/०४ देखि ०६/०९ ) नेपालमा ३६ औं ACSIC सम्मेलन सम्पन्न गरेको छ। उक्त सम्मेलनको उद्घाटन तत्कालीन उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले गर्नु भएको थियो। सम्मेलनमा तत्कालीन गर्भनर महाप्रसाद अधिकारी विशेष अतिथिको रुपमा रहनु भएको थियो। यस्तो कार्यक्रमको आयोजनाले कर्जा सुरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय

असल अभ्यास तथा सुरक्षण सम्बन्धी नयाँ नयाँ योजनाहरुको बारेमा बुझ्न र नेपालमा यसको अभ्यासको सम्भावनाको बारेमा अध्ययनका लागि आधार तयार हुने विश्वास लिइएको छ। यस संस्थाले सम्मेलनका साथै सदस्य सस्थाहरुको कर्मचारीका लागि तालिम कार्यक्रम समेत सञ्चालन गर्ने गरेको छ। ACSIC मा हाल एसिया महादेशका १३ मुलुकका १९ संस्थाहरु सदस्य रहेका छन्।

निक्षेप सुरक्षणको कार्य गर्ने संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन International Association of Deposit Insurer (IADI) को सदस्यता नेपालसँग नभए तापनि यसले सञ्चालन गर्ने गरेको विभिन्न कार्यक्रमहरुमा भने नेपालले सहभागिता जनाउने गरेको छ।

## ७. सञ्चालक समिति तथा सञ्चालकस्तरीय अन्य समिति/उपसमितिः

| क्र.सं. | संचालकको नाम | पद | प्रतिनिधित्व | नियुक्ति मिति |
|---|---|---|---|---|
| १. | शोभाकान्त पौडेल | अध्यक्ष | महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | २०८२/०६/२२ |
| २. | उत्तर कुमार खत्री | सञ्चालक | सहसचिव, अर्थ मन्त्रालय | २०८१/०५/२० |
| ३. | बिनोद कुमार भट्टराई | सञ्चालक | सहसचिव, कानून मन्त्रालय | २०८१/०१/२३ |
| ४. | रोशन कुमार सिग्देल | सञ्चालक | कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक | २०८१/११/०४ |
| ५. | प्रकाशजंग थापा | सञ्चालक | सि.ए., मनोनित | २०८२/०७/३० |
| ६. | रमेश घिमिरे | सदस्य सचिव | प्रमुख कार्यकारी अधिकृत, निक्षेप तथा कर्जा सुरक्षण कोष | २०७९/०३/१४ |

## ७.१ आ.व. २०८१/०८२ मा कोषको संचालक समिति सदस्यमा भएको परिवर्तित विवरण

| क्र.सं. | संचालकको नाम | पद | प्रतिनिधित्व | अवधि |
|---|---|---|---|---|
| १. | प्रकाशजंग थापा | सञ्चालक | सि.ए., मनोनित | २०७८/०१/०७<br>२०८१/०४/१२ |
| २. | डा. राम प्रसाद घिमिरे | अध्यक्ष | राजश्व सचिव, अर्थ मन्त्रालय | २०७९/१०/११<br>२०८१/१२/१२ |
| ३. | थान प्रसाद पंज्ञानी | सञ्चालक | सहसचिव, अर्थ मन्त्रालय | २०७९/११/१०<br>२०८१/०६/०२ |
| ४. | सुमन कुमार अधिकारी | सञ्चालक | कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक | २०८१/०२/२२<br>२०८१/१२/१२ |
| ५. | डा. गणेश प्रसाद पाण्डेय | अध्यक्ष | महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | २०८१/११/२६<br>२०८२/०२/०७ |
| ६. | दिनेश कुमार घिमिरे | अध्यक्ष | राजश्व सचिव, अर्थ मन्त्रालय | २०८२/०२/०४<br>२०८२/०६/२७ |

# परिच्छेद २
# कोषको लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
बबरमहल/अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal

(अर्थ तथा आर्थिक क्षेत्र व्यवस्थापन विभाग)

पत्र संख्या: २०८२।८३
चलानी नं. १८८

मिति: २०८२।१२।२७

श्री अध्यक्षज्यू
निक्षेप तथा कर्जा सुरक्षण कोष,
टंगाल, काठमाडौं

विषय: स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले निक्षेप तथा कर्जा सुरक्षण कोष (यस पछि कोष भनिएको) को यसै प्रतिवेदन साथ संलग्न मिति २०८२ आषाढ ३२ (१६ जुलाई २०२५) को वित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आयको विस्तृत विवरण, नगद प्रवाहको विवरण, इक्विटीमा भएका परिवर्तनको विवरण र प्रमुख लेखा नीतिहरू तथा टिप्पणीहरू समावेश भएको वित्तीय विवरणका लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा, "कैफियत सहितको रायको आधारहरू" अनुच्छेदमा उल्लेख गरिएका विवरणहरूले वित्तीय विवरणमा पर्ने असर बाहेक संलग्न वित्तीय विवरणहरूले कोषको २०८२ आषाढ मसान्त (तदनुसार १६ जुलाई २०२५) को वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आयको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानूनको अधीनमा रही कोषलाई लागू हुने नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standard – NFRS) अनुसार सारभूत रूपमा यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको रायको आधारहरू**

शेयर पूँजी: नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको मिति २०७४/१२/२९ को निर्देशन बमोजिम २०७४/७५ मा कर्जा सुरक्षण कोषबाट रु.३८ करोड ६३ लाख र निक्षेप सुरक्षण कोषबाट २ अर्ब ५४ करोड ७७ लाख पूँजीकरण गरी चुक्ता पूँजी रु. २ अर्ब ९३ करोड ४० लाखले वृद्धि भएको छ, जुन निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३९(४) को निक्षेप तथा कर्जा सुरक्षण कोषमा रहेको रकम सुरक्षित निक्षेपको दावी भुक्तानी वा शोधभर्ना गर्न बाहेक कोषको अन्य कुनै प्रयोजनका लागि खर्च गर्न नसकिने प्रावधान अनुसार रहेको छैन। जसका कारण कोषको शेयर पूँजी उल्लिखित रकमले बढी तथा कर्जा सुरक्षण कोष र निक्षेप सुरक्षण कोष उल्लिखित रकम बराबर घटि भएको छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। निक्षेप तथा कर्जा सुरक्षण कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले पर्याप्त आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

Phone: 01-5919161, 5919163, Post Box: 13328
Email: dir.admin@oagnep.gov.np, oagnep@ntc.net.np, Web Page: www.oag.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

**लेखापरीक्षणका मुख्य विषयहरू (Key Audit Matters)**

मुख्य लेखापरीक्षण विषयहरू ती विषयहरू हुन् जुन हालको अवधिको वित्तीय विवरणहरूका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरू हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ । हामी यो मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं । हामीले तल वर्णन गरीएका विषयहरूलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरिक्षण सम्बन्धी मुख्य विषयहरूका रूपमा निर्धारण गरेका छौं ।

| लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरू | लेखापरीक्षकको प्रतिकिया |
|---|---|
| **१. लगानी पहिचान, मूल्याङ्कन तथा परिशोधन** | |
| कोषको लगानी अन्तर्गत ऋणपत्रमा लगानी र आवधिक बचतमा लगानी रहेको छ । उल्लेखित लगानीहरूको मूल्याङ्कन गर्दा NAS 39 र NFRS 9 को अनुपालनमा गरिएको छ । ऋणपत्र र आवधिक बचतमा भएको लगानीलाई परिसोधित लागत मूल्यमा उल्लेखित गर्नुपर्छ । नगद प्रवाहको प्रकृतिको आधारमा लगानीको मूल्याङ्कन पद्धति, व्यवसायिक प्रणाली, गणनाको जटिलता र त्यस्ता लगानीहरूमा संलग्न रकमको महत्वलाई हाम्रो लेखापरीक्षणको मुख्य विषय मानिएको छ । | लगानी पहिचान, मूल्याङ्कन र परिशोधन प्रमाणीकरणका सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्धति देहायबमोजिम रहेको छ:<br>• नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम कोषको लगानी र यसको मूल्याङ्कन सम्बन्धी विवरणहरूको जाँच गर्‍यौं ।<br>• उपलब्ध प्रमाणहरूको आधारमा हामीले लगानीको अपेक्षित नगद प्रवाहको प्रकृति र व्यवस्थापनले अपनाएको व्यवसायिक प्रणालीको मूल्याङ्कन गर्‍यौं र सोको आधारमा लगानीको वर्गीकरण भए नभएको बारेमा सुनिश्चित गर्‍यौं ।<br>• परिसोधित लागत अन्तर्गत मूल्याङ्कन गरिएको लगानीको मूल्याङ्कनका लागि हामीले नमुना छनौट गरी प्रभावकारी ब्याजदर तथा परिसोधित तालिका बमोजिम लगानीको मूल्याङ्कन परीक्षण गर्‍यौं । |
| **२. सूचना प्रविधि (सामान्य नियन्त्रण)** | |
| कोषमा व्यवसाय सञ्चालनका लागि सूचना प्रविधि प्रणालीको विश्वसनीयताले महत्वपूर्ण भूमिका खेल्दछ । कोषको अधिकांश व्यवसायिक कारोबारहरू कोषको सूचना प्रविधि प्रणालीमार्फत भइरहेका तथा कोषको सहज कार्य सम्पादन र वित्तीय विवरणहरूको यथार्थ चित्रणका लागि पनि सूचना प्रविधि पूर्वाधारहरू महत्वपूर्ण हुने गर्दछन् । कारोबारको लेखाङ्कन र विभिन्न नियामक निकायको निर्देशनको अनुपालनका लागि आवश्यक पर्ने विभिन्न प्रतिवेदनहरूको उत्पादनहरुको विश्वसनीयता सूचना प्रविधि, सफ्टवेयर र अन्य सम्बन्धित प्रणालीको प्रभावकारितामा भर पर्छ । | कोषको सूचना प्रविधि प्रणाली सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्धति देहायबमोजिम रहेको छ:<br>• कोषद्वारा प्रयोग गरिएको सफ्टवेयरको प्रणालीबारे बुझ्यौं ।<br>• कोषमा रहेको हाल अवस्थित सूचना प्रविधि प्रणालीमा तथ्याङ्कको प्रविष्टि र वित्तीय विवरणहरूको उत्पादन प्रक्रियाबारे बुझ्यौं ।<br>• कोषको नीति नियममा कुनै पनि परिवर्तन भएको अवस्थामा प्रयोगकर्ताले प्रयोग गर्ने सूचना प्रविधिको उपयोगको तरिका तथा अन्य विवरण समेत परिवर्तन भएको सुनिश्चित गर्‍यौं । |

| | |
|---|---|
| सूचना प्रविधि माथिका नियन्त्रण तथा प्रमाणीकरणमा भएका त्रुटिहरु, गलत तथ्याङ्कको प्रविष्टि तथा गलत तथ्याङ्कको गलत उत्पादनले व्यवस्थापन र नियामकहरुलाई गलत प्रतिवेदन पेश हुनसक्ने भएकाले हामीले यसलाई प्रमुख लेखापरीक्षण विषयको रुपमा लिएका छौं । | • प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमुना कारोबारको आधारमा विश्लेषण गर्‍यौं ।<br><br>• कोषद्वारा हामीलाई उपलब्ध गराइएको सूचना प्रविधि प्रणालीको लेखापरीक्षण प्रतिवेदनमा हामीले विश्वास गरी हाम्रो लेखापरीक्षण सम्पन्न गर्‍यौं । |

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरू यसै प्रतिवेदनसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कोषको व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुती हुनबाट वञ्चित छन भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कोषको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै कोषलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखाङ्कनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। कोष व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन्/ छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिब आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिब आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरू:

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका वैधेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ । शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

(वैकुण्ठ बहादुर अधिकारी)
उप-महालेखापरीक्षक

# निक्षेप तथा कर्जा सुरक्षण कोष
## टंगाल, काठमाडौं
## वित्तीय स्थितिको विवरण
## ३२ आषाढ, २०८२

*(रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ।)*

| विवरण | टिप्पणी | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|---|
| **सम्पत्ती** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| अदृष्य सम्पत्ति | ४.१ | १,५४१,९२२ | ३,१२७,७६८ |
| जायजेथा, प्लाण्ट तथा उपकरण | ४.२ | ४१६,४१९,६४७ | ४१२,१५७,७९० |
| स्थगन कर सम्पत्ति (खुद) | ४.३ | ७१,४८५,७४५ | ४९,१३०,०९७ |
| अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी | ४.४ | २१५,९५५ | १९०,९५५ |
| **वित्तीय सम्पत्ति** | | | |
| लगानी | ४.५ | १,०७९,९५२,३१२ | ७५३,९५०,००० |
| कर्मचारी कर्जा सापटी र स्थगन खर्च | ४.६ | ९१,९०३,१३१ | ८३,१८०,६८७ |
| **कुल गैह्र चालु सम्पत्ति** | | **१,६६१,५१८,७१२** | **१,३०१,७३७,२९७** |
| **चालु सम्पत्ति** | | | |
| मालशेष | ४.७ | ९६७,७९० | ५६२,७४२ |
| अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी | ४.४ | २,८०९,६०० | ३,९२७,४४० |
| आयकर सम्पत्ति (खुद) | ४.८ | ४७७,५३१,०९८ | ४३९,४७४,५९५ |
| **वित्तीय सम्पत्ति** | | | |
| लगानी | ४.५ | २६,२५०,०००,००० | २४,४४०,०००,००० |
| आसामी | ४.९ | ३,५१३,७०४,६०४ | २,४२९,५११,०५५ |
| कर्मचारी कर्जा सापटी र स्थगन खर्च | ४.६ | २,७१२,८१० | २,५९१,७५० |
| नगद तथा नगद सरह | ४.१० | १,३००,५३०,४३९ | ४४२,७५३,४४२ |
| **कुल चालु सम्पत्ति** | | **३१,५४८,२५६,३४१** | **२७,७५८,८२१,०२५** |
| **कुल सम्पत्ति** | | **३३,२०९,७७५,०५२** | **२९,०६०,५५८,३२२** |
| **पूँजी तथा दायित्वः** | | | |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| **वित्तीय दायित्व** | | | |
| कर्मचारी अवकाश सुविधा दायित्व | ४.११ | ६४७,५०६,९९८ | ६३२,७९२,८१३ |
| **कुल गैह्र चालु दायित्व** | | **६४७,५०६,९९८** | **६३२,७९२,८१३** |
| **चालु दायित्व** | | | |
| **वित्तीय दायित्व** | | | |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | ४.१२ | १,१८५,४३१,४२४ | ६०८,७५१,३७७ |
| कर्मचारी अवकाश सुविधा दायित्व | ४.११ | १२,६७३,८१७ | ९,०८०,५५९ |
| **कुल चालु दायित्व** | | **१,१९८,१०५,२४१** | **६१७,८३१,९३६** |
| **पूँजी** | | | |
| शेयर पूँजी | ४.१३ | १०,०००,०००,००० | १०,०००,०००,००० |
| अन्य पूँजी (सञ्चित मुनाफा समेत) | ४.१४ | २१,३६४,१६२,८०३ | १७,८०९,९३३,५७३ |
| **कुल पूँजी** | | **३१,३६४,१६२,८०३** | **२७,८०९,९३३,५७३** |
| **कुल पूँजी तथा दायित्व** | | **३३,२०९,७७५,०५२** | **२९,०६०,५५८,३२२** |
| सम्भावित दायित्वः व्यवस्था, आकस्मिक सम्पत्ति-दायित्व | ४.२४ | आजको मितिको संलग्न प्रतिवेदन अनुसार | |

दिनेश कोइराला
प्रबन्धक

रमेश घिमिरे
प्रमुख कार्यकारी अधिकृत

संचालकहरुः
उत्तर कुमार खत्री
विनोद कुमार भट्टराई
रोशन कुमार सिग्देल
प्रकाशजंग थापा

अध्यक्ष
शोभाकान्त पौडेल

सिए शेष मणि दाहाल
साझेदार
एसट्रिआर एसोसिएटस्,
चार्टर्ड एकाउन्टेन्ट्स

बैकुण्ठ बहादुर अधिकारी
उप-महालेखा परीक्षक

स्थानः काठमाडौं
मितिः २०८२/०९/२९

# निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाडौं
## नाफा/नोक्सान तथा अन्य आयको विस्तृत विवरण
## १ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्म

*(रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ)*

| विवरण | टिप्पणी | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|---|
| **सञ्चालन आम्दानी** | | | |
| सुरक्षण शुल्क वापत आम्दानी | ४.१५ | ४,८८७,५७२,३१५ | ४,४३६,५२१,८८७ |
| दाबी भुक्तानी तथा सुरक्षण खर्च | ४.१६ | (५६२,८७१,३२३) | (५४१,६०२,१६६) |
| **कुल सञ्चालन आम्दानी (क)** | | **४,३२४,७००,९९२** | **३,८९४,९१९,७२१** |
| ब्याज आम्दानी | ४.१७ | १,३५४,४४२,७८४ | २,०७८,८३०,७८३ |
| अन्य आम्दानी | ४.१८ | ७३,५५८,१५६ | ४३,३३५,४९४ |
| **कुल ब्याज तथा अन्य आम्दनी (ख)** | | **१,४२८,०००,९३९** | **२,१२२,१६६,२७७** |
| **कुल आम्दानी (क+ख)** | | **५,७५२,७०१,९३२** | **६,०१७,०८५,९९८** |
| **प्रशासनिक तथा अन्य खर्च** | | | |
| कर्मचारी सम्बन्धी खर्च | ४.१९ | (१०२,७७७,३६६) | (८६,५३८,६९४) |
| ह्रास कट्टी तथा परिशोधन खर्च | ४.२० | (१७,२६५,६१६) | (१६,२१५,९२७) |
| अन्य संचालन खर्च | ४.२१ | (६५,७९८,४०६) | (३६,७४७,१८०) |
| **कुल प्रशासनिक तथा अन्य खर्च (ग)** | | **(१८५,८४१,३८८)** | **(१३९,५०१,८०२)** |
| **आयकर, बोनस तथा असामान्य कारोबार अगाडिको मुनाफा (क+ख—ग)** | | **५,५६६,८६०,५४४** | **५,८७७,५८४,१९६** |
| कोषमा भएको व्यवस्था फिर्ता | ४.२१ | - | ९,३८४,०४४ |
| **आयकर तथा बोनस अगाडिको मुनाफा-(नोक्सान)** | | **५,५६६,८६०,५४४** | **५,८८६,९६८,२४०** |
| बोनस खर्च (बोनस ऐन २०३० अनुसारको व्यवस्था) | | (५५,६६८,६०५) | (५८,८६९,६८२) |
| **आयकर अगाडिको मुनाफा-(नोक्सान)** | | **५,५११,१९१,९३९** | **५,८२८,०९८,५५८** |
| **आयकर खर्चः** | | **२,१४५,७४२,८१६** | **१,१७२,८७२,२९६** |
| चालु कर खर्च | ४.२२ | १,६५९,९११,३०७ | १,७४६,१८७,३०३ |
| विगत वर्षको कर व्यवस्था फिर्ताबाट खर्च/(आम्दानी) | ४.२२ | ५१३,६०३,६९९ | (५८०,५८०,९७५) |
| स्थगन कर खर्च-(आम्दानी) | ४.२२ | (२७,७७२,१८९) | ७,२६५,९६७ |
| **खुद मुनाफा-(नोक्सान)** | | **३,३६५,४४९,१२२** | **४,६५५,२२६,२६३** |
| **अन्य आयको विस्तृत विवरण** | | | |
| खुद निश्चित सुविधा योजनाको पुनः मापन समायोजन आम्दानी/(खर्च) | ४.१८ | १८,०५५,१३६ | (१२,७३४,८०३) |
| अन्य व्यापक आय सम्बन्धी स्थगन कर | ४.२२ | (५,४१६,५४१) | ३,८२०,४४१ |
| **खुद अन्य आय** | | **१२,६३८,५९५** | **(१६,५५५,२४४)** |
| **जम्मा विस्तृत आय** | | **३,३७८,०८७,७१७** | **४,६३८,६७१,०१९** |

संलग्न टिप्पणीहरु वित्तीय विवरणका अभिन्न अंग हुन् ।

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

दिनेश कोइराला
प्रबन्धक

रमेश घिमिरे
प्रमुख कार्यकारी अधिकृत

संचालकहरुः
उत्तर कुमार खत्री
विनोद कुमार भट्टराई
रोशन कुमार सिग्देल
प्रकाशजंग थापा

अध्यक्ष
शोभाकान्त पौडेल

सिए शेष मणि दाहाल
साझेदार
एसडिआर एसोसिएटस,
चार्टर्ड एकाउन्टेन्ट्स

बैकुण्ठ बहादुर अधिकारी
उप-महालेखा परीक्षक

स्थानः काठमाडौं
मितिः २०८२/०९/२९

# निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाडौं

## १ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्म

## कर्जा सुरक्षण कोषको आय विवरण

*(रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ)*

| विवरण | टिप्पणी | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|---|
| सुरक्षण शुल्क वापत आम्दानी | ४.१५ | २,४५५,३०३,९८२ | २,२५९,५५४,८०४ |
| दाबी भुक्तानी तथा सुरक्षण खर्च | ४.१६ | (५६२,८७१,३२३) | (५४१,६०२,१६६) |
| **कुल सञ्चालन आम्दानी (क)** | | **१,८९२,४३२,६५९** | **१,७१७,९५२,६३८** |
| ब्याज आम्दानी | ४.१७ | ६७७,२२१,३९२ | १,०३९,४१५,३९२ |
| अन्य आम्दानी | ४.१८ | ७०,८९१,०६६ | ४०,४२४,६४४ |
| **कुल आम्दानी (क+ख)** | | **२,६४०,५४५,११७** | **२,७९७,७९२,६७४** |
| कर्मचारी सम्बन्धी खर्च | ४.१९ | (७१,९४४,१५६) | (६०,११६,२५९) |
| अन्य संचालन खर्च | ४.२१ | (५४,६४०,७६५) | (२६,९८३,०९१) |
| ह्रास कट्टी तथा परिशोधन खर्च | ४.२० | (१२,०८५,९३१) | (११,३५१,१४९) |
| **कुल प्रशासनिक तथा अन्य खर्च (ग)** | | **(१३८,६७०,८५२)** | **(९८,४५०,४९९)** |
| **आयकर, बोनस तथा असामान्य कारोबार अगाडिको मुनाफा (क+ख—ग)** | | **२,५०१,८७४,२६५** | **२,६९९,३४२,१७४** |
| वित्तीय आम्दानी-(खर्च) | | - | ४,६९२,०२२ |
| **आयकर तथा बोनस अगाडिको मुनाफा (नोक्सान)** | | **२,५०१,८७४,२६५** | **२,७०४,०३४,१९६** |
| बोनस खर्च (बोनस ऐन २०३० अनुसारको व्यवस्था) | | (३८,९६८,०२४) | (४१,२०८,७७८) |
| **आयकर अगाडिको मुनाफा-(नोक्सान)** | | **२,४६२,९०६,२४१** | **२,६६२,८२५,४१९** |
| आयकर खर्च | | (१,५०२,०१९,९७१) | (८२१,०१०,६०७) |
| **खुद मुनाफा-(नोक्सान)** | | **९६०,८८६,२७०** | **१,८४१,८१४,८१२** |

## कर्जा सुरक्षण कोषको अन्य विस्तृत आयको विवरण

| विवरण | | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|---|
| **आयकर तथा बोनस अगाडिको मुनाफा (नोक्सान)** | | **९६०,८८६,२७०** | **२,७०४,०३४,१९६** |
| खुद निश्चित सुविधा योजनाको पुनः मापन समायोजन आम्दानी/(खर्च) | | १२,६३८,५९५ | (८,९१४,३६२) |
| अन्य व्यापक आय सम्बन्धी स्थगन कर | | (३,७९१,५७८.६०) | २,६७४,३०८.६३ |
| **खुद अन्य आय** | | **८,८४७,०१६** | **(६,२४०,०५३)** |
| **जम्मा विस्तृत आय** | | **९६९,७३३,२८६** | **२,६९७,७९४,१४३** |

संलग्न टिप्पणीहरु वित्तीय विवरणका अभिन्न अंग हुन् । *आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार*

| दिनेश कोइराला | रमेश घिमिरे | संचालकहरु: | अध्यक्ष | सिए शेष मणि दाहाल | बैकुण्ठ बहादुर अधिकारी |
|---|---|---|---|---|---|
| प्रबन्धक | प्रमुख कार्यकारी अधिकृत | उत्तर कुमार खत्री | शोभाकान्त पौडेल | साझेदार | उप-महालेखा परीक्षक |
| | | विनोद कुमार भट्टराई | | एसडिआर एसोसिएटस्, चार्टर्ड एकाउन्टेन्ट्स | |
| स्थानः काठमाडौं | | रोशन कुमार सिग्देल | | | |
| मितिः २०८२/०९/२९ | | प्रकाशजंग थापा | | | |

# निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाडौं

## १ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्म
## निक्षेप सुरक्षण कोषको आय विवरण

*(रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ)*

| विवरण | टिप्पणी | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|---|
| सुरक्षण शुल्क वापत आम्दानी | ४.१५ | २,४३२,२६८,३३३ | २,१७६,९६७,०८३ |
| दाबी भुक्तानी तथा सुरक्षण खर्च | ४.१६ | - | - |
| **कुल सञ्चालन आम्दानी (क)** | | **२,४३२,२६८,३३३** | **२,१७६,९६७,०८३** |
| ब्याज आम्दानी | ४.१७ | ६७७,२२१,३९२ | १,०३९,४१५,३९२ |
| अन्य आम्दानी | ४.१८ | २,६६७,०९० | २,९१०,८४९ |
| **कुल आम्दानी (क+ख)** | | **३,११२,१५६,८१४** | **३,२१९,२९३,३२४** |
| कर्मचारी सम्बन्धी खर्च | ४.१९ | (३०,८३३,२१०) | (२६,४२२,४३६) |
| अन्य संचालन खर्च | ४.२१ | (११,१५७,६४१) | (९,७६४,०८९) |
| ह्रास कट्टी तथा परिशोधन खर्च | ४.२० | (५,१७९,६८५) | (४,८६४,७७८) |
| **कुल प्रशासनिक तथा अन्य खर्च (ग)** | | **(४७,१७०,५३५)** | **(४१,०५१,३०३)** |
| **आयकर, बोनस तथा असामान्य कारोबार अगाडिको मुनाफा (क+ख—ग)** | | **३,०६४,९८६,२७९** | **३,१७८,२४२,०२१** |
| वित्तीय आम्दानी-(खर्च) | | - | ४,६९२,०२२ |
| **आयकर तथा बोनस अगाडिको मुनाफा (नोक्सान)** | | **३,०६४,९८६,२७९** | **३,१८२,९३४,०४३** |
| बोनस खर्च (बोनस ऐन २०३० अनुसारको व्यवस्था) | | (१६,७००,५८२) | (१७,६६०,९०५) |
| **आयकर अगाडिको मुनाफा-(नोक्सान)** | | **३,०४८,२८५,६९७** | **३,१६५,२७३,१३८** |
| आयकर खर्च | | (६४३,७२२,८४५) | (३५१,८६१,६८९) |
| **खुद मुनाफा-(नोक्सान)** | | **२,४०४,५६२,८५२** | **२,८१३,४११,४४९** |

## निक्षेप सुरक्षण कोषको अन्य विस्तृत आयको विवरण

| विवरण | | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|---|
| **आयकर तथा बोनस अगाडिको मुनाफा (नोक्सान)** | | **२,४०४,५६२,८५२** | **३,१८२,९३४,०४३** |
| पुनर्मूल्याङ्कन नाफा/(नोक्सान)( वित्तीय सम्पत्ति (FVOCI) | | - | - |
| खुद निश्चित सुविधा योजनाको पुनः मापन समायोजन आम्दानी/(खर्च) | | ५,४१६,५४१ | (३,८२०,४४१) |
| अन्य व्यापक आय सम्बन्धी स्थगन कर | | (१,६२४,९६२) | २,६७४,३०९ |
| **खुद अन्य आय** | | **३,७९१,५७९** | **(१,१४६,१३२)** |
| **जम्मा विस्तृत आय** | | **२,४०८,३५४,४३१** | **३,१८१,७८७,९१०** |

संलग्न टिप्पणीहरु वित्तीय विवरणका अभिन्न अंग हुन् ।

*आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार*

दिनेश कोइराला
प्रबन्धक

रमेश घिमिरे
प्रमुख कार्यकारी अधिकृत

संचालकहरुः
उत्तर कुमार खत्री
विनोद कुमार भट्टराई
रोशन कुमार सिग्देल
प्रकाशजंग थापा

अध्यक्ष
शोभाकान्त पौडेल

सिए शेष मणि दाहाल
साझेदार
एसडिआर एसोसिएटस,
चार्टर्ड एकाउन्टेन्ट्स

बैकुण्ठ बहादुर अधिकारी
उप-महालेखा परीक्षक

स्थानः काठमाडौं
मितिः २०८२/०९/२९

# निक्षेप तथा कर्जा सुरक्षण कोष
## टंगाल, काठमाडौं
## नगद प्रवाह विवरण
## १ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्म

*(रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ)*

| विवरण | | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | | | |
| **खुद मुनाफा/(नोक्सान)** | | **३,३६५,४४९,१२२.१४** | **४,६५५,२२६,२६३.००** |
| **समायोजन** | | | |
| ह्रास कट्टी | | २,४०८,३३८.५४ | १५,४८४,०८२.०० |
| परिशोधन खर्च | | १४,८५७,२७७.५७ | ७३१,८४५.०० |
| बोनस व्यवस्था | | ५५,६६८,६०५.४४ | ५८,८६९,६८२.०० |
| कर्मचारी निश्चित सुविधा योजना व्यवस्था (गैह्र नगद) | | २१,२५९,५४०.०० | ९,१६९,४३३.०० |
| कर्मचारी कर्जामा व्याज आम्दानी (गैह्र नगद) | | (२,४३२,२५४.१५) | (४,१७५,३९७.००) |
| कर्मचारी कर्जासँग सम्बन्धीत खर्च (गैह्र नगद) | | ४,१०९,८१०.०९ | ४,५७१,२२५.०० |
| आय कर व्यवस्था | | १,६५९,९११,३०६.७३ | १,७४६,१८७,३०३.०० |
| स्थगन कर (खर्च)/आम्दानी | | (२७,७७२,१८९.१४) | ७,२६५,९६७.०० |
| स्टार्टप कर्जा सुरक्षण कोषमा जम्मा गरीएको रकम | | १७६,१४१,५११.९० | ४३,२६२,५००.०० |
| **कार्यशील पूँजी परिवर्तन अघिको नगद प्रवाह** | | **५,२६९,६०१,०६९.११** | **६,५३६,५९२,९०३.००** |
| जिन्सी मौज्दातमा कमी/(बृद्धि) | | (४०५,०४८.००) | ७८५,७१०.६० |
| अग्रीम भुक्तानी तथा पेश्की सापटी, धरौटीमा भएको कमी/(बृद्धि) | | (१,२०५,५९२,७१३.५३) | (१,५७३,५८१,९७१.०३) |
| चालु दायित्वमा भएको बृद्धि/(कमी) | | ६१०,०२८,९२४.७५ | १३७,५७०,८८६.७८ |
| **आयकर तथा व्याज भुक्तानी अघिको नगद प्रवाह** | | **४,६७३,६३२,२३२.३३** | **५,१०१,३६७,५२९.३५** |
| आयकर भुक्तानी | | (१,६५९,९११,३०६.७३) | (१,७४६,१८७,३०३.०३) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | | **३,०१३,७२०,९२५.६०** | **३,३५५,१८०,२२६.३२** |
| **लगानी गतिविधिको नगद प्रवाह** | | | |
| सम्पत्ति (खरिद) | | (१९,९४१,६२६.४६) | (३,९९४,०१०.००) |
| लगानीमा कमी/(बृद्धि) | | (२,१३६,००२,३१२.३३) | (३,६५४,९४३,७३७.३२) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | | **(२,१५५,९४३,९३८.७९)** | **(३,६५८,९३७,७४७.३२)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | | | |
| शेयर पूँजी निष्काशन | | - | - |
| सञ्चित मुनाफा बृद्धि/(कमी) | | - | - |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | | **-** | **-** |
| **नगदमा भएको कुल बृद्धि/(कमी) (क+ख+ग)** | | **८५७,७७६,९८६.८१** | **(३०३,७५७,५२१.००)** |
| वर्षारम्भको नगद तथा नगद समान | | ४४२,७५३,४४२.०० | ७४६,५१०,९६३.०० |
| **बर्षान्तमा नगद तथा नगद समान** | | **१,३००,५३०,४३९.००** | **४४२,७५३,४४२.००** |

संलग्न टिप्पणीहरु वित्तीय विवरणका अभिन्न अंग हुन् ।

*आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार*

दिनेश कोइराला
प्रबन्धक

रमेश घिमिरे
प्रमुख कार्यकारी अधिकृत

संचालकहरुः
उत्तर कुमार खत्री
विनोद कुमार भट्टराई
रोशन कुमार सिग्देल
प्रकाशजंग थापा

अध्यक्ष
शोभाकान्त पौडेल

सिए शेष मणि दाहाल
साझेदार
एसड्रिआर एसोसिएटस,
चार्टर्ड एकाउन्टेन्ट्स

बैकुण्ठ बहादुर अधिकारी
उप-महालेखा परीक्षक

स्थानः काठमाडौं
मितिः २०८२/०९/२९

# निक्षेप तथा कर्जा सुरक्षण कोष

## टंगाल, काठमाडौं

## इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण

## १ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्म

*(रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ)*

| विवरण | शेयर पूँजी | कर्जा सुरक्षण कोष | निक्षेप सुरक्षण जोखिम कोष | बिमाङ्कीय पुनर्मूल्याङ्कन कोष | स्टार्टप कर्जा सुरक्षण कोष | सञ्चित मुनाफा | कुल रकम |
|---|---|---|---|---|---|---|---|
| २०८१ आषाढ मसान्तको मौज्दात | १०,०००,०००,००० | ७,५२८,८०२,२७९ | ९,८२९,६१४,७५० | ३६,५०१,३१२ | ४३,२६२,५०० | ३९१,७११,२४० | २७,८२९,८९२,०८१ |
| समायोजन - Restatement | - | १८५,८७६,३६७ | १८५,८७६,३६७ | - | - | (३९१,७११,२४०) | (१९,९५८,५०६) |
| २०८१ आषाढ मसान्तको समायोजित मौज्दात | १०,०००,०००,००० | ७,७१४,६७८,६४६ | १०,०१५,४९१,११७ | ३६,५०१,३१२ | ४३,२६२,५०० | (०.००) | २७,८०९,९३३,५७५ |
| आ.व. २०८१-८२ को मुनाफा | - | - | - | - | - | ३,३६५,४४९,१२२ | ३,३६५,४४९,१२२ |
| निक्षेप सुरक्षण जोखिम कोषमा रकमान्तर | - | - | २,४०४,५६२,८५२ | - | - | (२,४०४,५६२,८५२) | - |
| कर्जा सुरक्षण कोषमा रकमान्तर | - | ९६०,८८६,२७० | - | - | - | (९६०,८८६,२७०) | - |
| आ.व. २०८१-८२ को अन्य व्यापक आय | - | - | - | १८,०५५,१३६ | - | - | १८,०५५,१३६ |
| अन्य व्यापक आम्दानीको स्थगन कर | - | - | - | (५,४१६,५४१) | - | - | (५,४१६,५४१) |
| कोषबाट प्रयोग गरिएको रकम | - | - | - | - | (१,३५३,१०७) | - | (१,३५३,१०७) |
| आ.व. २०८१-८२ मा कोषमा थप | - | - | - | - | १७७,४९४,६१९ | - | १७७,४९४,६१९ |
| **२०८२ आषाढ मसान्तको मौज्दात** | **१०,०००,०००,०००** | **८,६७५,५६४,९१६** | **१२,४२०,०५३,९६९** | **४९,१३९,९०७** | **२१९,४०४,०१२** | **(०.००)** | **३१,३६४,१६२,८०४** |

| | | | | | |
|---|---|---|---|---|---|
| दिनेश कोइराला | रमेश घिमिरे | संचालकहरु: | अध्यक्ष | सिए शेष मणि दाहाल | बैकुण्ठ बहादुर अधिकारी |
| प्रबन्धक | प्रमुख कार्यकारी अधिकृत | उत्तर कुमार खत्री | शोभाकान्त पौडेल | साझेदार | उप-महालेखा परीक्षक |
| | | विनोद कुमार भट्टराई | | एसडिआर एसोसिएटस्, चार्टर्ड एकाउन्टेन्ट्स | |
| | | रोशन कुमार सिग्देल | | | |
| | | प्रकाशजंग थापा | | | |

स्थानः काठमाडौं

मितिः २०८२/०९/२९

# निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाडौं
## असार ३२, २०८२ को
## वित्तीय विवरणसँग सम्बन्धीत टिप्पणीहरु

## १ सामान्य जानकारी (पृष्ठभुमि):

### १.१ संगठनात्मक जानकारी

निक्षेप तथा कर्जा सुरक्षण कोष, निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ अन्तर्गत स्थापित एक वैधानिक र नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सार्वजनिक संस्था हो । सर्वसाधारणको निक्षेप र कर्जाको सुरक्षण गरी मलुकको आर्थिक विकासको निमित्त बैंकिङ्ग तथा वित्तीय प्रणाली प्रतिको विश्वसनीयता अभिबृद्धि गर्न तथा सर्वसाधारणको आर्थिक हित संरक्षण र संवद्धन गर्नको लागि नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थामा सर्वसाधारणको बचत तथा मुद्दती खातामा रहेको रु पाँच लाख सम्मको निक्षेप र बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको विभिन्न किसिमका कर्जाको निश्चित सीमासम्मको सुरक्षण गर्ने र त्यस्ता कर्जा ऋणीबाट असूल उपर हुन नसकेमा बैंक वित्तीय संस्थालाई क्षतिपूर्ति दिने उद्देश्यले वि.स. २०७३ आश्विन १८ गते यस कोषको स्थापना भएको हो ।

निक्षेप तथा कर्जा सुरक्षण कोषमा रुपान्तरित हुनु अगाडि यो संस्थाले कम्पनी ऐन, २०६३ बमोजिम निक्षेप तथा कर्जा सुरक्षण निगम प्रा.लि. को नामबाट निक्षेप र कर्जा सुरक्षण कार्य गर्दै आएको थियो । कोषको केन्द्रीय कार्यालय टंगाल, काठमाडौंमा र शाखा कार्यालयहरु मुख्य शाखा काठमाडौं, शाखा कार्यालय बिराटनगर, शाखा कार्यालय जनकपुर, शाखा कार्यालय भरतपुर, शाखा कार्यालय पोखरा, शाखा कार्यालय बुटवल, शाखा कार्यालय सुर्खेत र शाखा कार्यालय धनगढीमा रहेका छन् ।

## २. अनुपालनको विवरण तथा लेखा विवरणहरु तयारीका आधारहरु :

### २.१ अनुपालनाको विवरण

निक्षेप तथा कर्जा सुरक्षण कोषको वित्तीय विवरण नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal-ASBN) ले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) को अनुपालना गरी तयार गरिएको छ ।

संस्थाको वित्तीय विवरण नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal-ASBN) ले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards- NFRS) को आधारमा तयार गरिएको छ । यसले International Accounting Standard Board (IASB) ले जारी गरेको International Financial Reporting Standards (IFRS) लाई सम्बोधन गरेको छ । संस्थाको वित्तीय विवरणहरु अविच्छिन्न सञ्चालन मान्यता (Going Concern) को आधारमा तयार गरिएका छन् । लेखामान र सो सँग सम्बन्धी व्याख्याहरुलाई NFRS शब्दाबलीको रुपमा प्रयोग गरी सम्बन्धीत टिप्पणीहरुमा समावेश गरिएको छ ।

### २.२ लेखा विवरण तयारीको घोषणा (Accounting Pronouncement):

संस्थाले आफ्नो वित्तीय विवरण Accounting Standard Board Nepal (ASBN) ले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards- NFRS) हरुसँग मिल्ने गरी तयार गरी आफ्नो लेखा

नीतिहरुको आधारमा प्रस्तुत गरेको छ ।

## २.३ लेखा विवरण तयारीको तरिका (Accounting Convention):

संस्थाको वित्तीय विवरण ऐतिहासिक लागत (Historical Cost) अवधारणाको आधारमा तयार गरिएको छ । संस्थाको वित्तीय विवरण ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) अनुरुप तयार गरिएको भए तापनि अन्य निकायको शेयरमा गरिएको लगानी, ऋणपत्र र कर्मचारी कर्जालाई उचित मूल्य (Fair Value) वा परिशोधन मूल्य (Amortized Cost) मा मूल्याङ्कन गरी लेखाङ्कन गरिएको छ ।

ऐतिहासिक लागत भन्नाले सामान किनबेच वा सेवा प्रदानको अवस्थामा कारोबार भएको मूल्यलाई जनाउँदछ । मूल्याङ्कन मितिमा बजार सहभागी बीच भएको विशुद्ध कारोबारमा कुनै सम्पत्ति बिक्रीमा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्दा लाग्ने रकम नै उचित मूल्य (Fair Value) हो । उचित मूल्य (Fair Value) निर्धारण गर्दा यस संस्थाले बजार सहभागी बीचको विशुद्ध कारोबारमा सम्पत्ति वा दायित्वको विशेषताको उचित अनुमान गर्दछ ।

यसका साथै उचित मूल्य मूल्यांकनलाई निम्न बमोजिम वर्गीकरण गरिएको छ :

चरण १: मूल्याङ्कन मितिमा समान सम्पत्ति वा दायित्वको सक्रिय बजारमा रहेको समान सम्पत्ति वा दायित्व (Identical Assets or Liabilities) को अंकित मूल्य (समायोजन नगरिएको)

चरण २: मूल्यांकन ती हुन् जुन सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि उद्‌त मूल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूको लागि उद्‌त मूल्यहरू र वित्तीय उपकरणहरू मूल्यवान मोडेलहरू प्रयोग गर्दा मूल्यवान हुन्छ जहाँ सबै महत्वपूर्ण आगतहरू अवलोकनयोग्य हुन्छन् ।

चरण ३: सम्पत्ति वा दायित्वको नदेखिने (Unobservable Inputs) रहेको ।

परिशोधन मूल्य (Amortized Cost) भन्नाले वित्तीय सम्पत्ति वा दायित्वको त्यो मूल्य हो जसमा प्रारम्भिक लेखांकन मूल्यमा चुक्ता साँवा रकम घटाई प्रारम्भिक (Initial) र अन्तिम (Maturity) मूल्यको फरक रकममा प्रभावकारी व्याज दर प्रयोग गरी आएको सञ्चित परिशोधनलाई थप-घट गरि अन्य खर्च (Allowance for Impairments or Un-collectability) घटाईन्छ ।

प्रभावकारी व्याज दर (Effective Interest Rate) विधि भन्नाले वित्तीय सम्पत्ति वा दायित्वको परिशोधन मूल्य गणना गर्ने विधि हो जस अनुसार व्याज आम्दानी र खर्च उपयुक्त वर्षहरुमा बराबर दरमा विभाजन गरिन्छ । यसरी प्रभावकारी व्याज दर गर्दा गणना Premium/Discount/Other Integral Cost लाई समावेश गरिएको हुन्छ ।

संस्थाको वित्तीय विवरण प्रोदभावी (Accrual) आधारमा तयार गरिएका छन् ।

## २.४ लेखा अनुमानहरु (Accounting Estimates):

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार संस्थाले वित्तीय विवरणहरु तयार गर्दा वित्तीय विवरणहरु तयार गरिएको मिति सम्म कायम सम्पत्ति र दायित्वहरु, सोही मितिसम्म खुलासा गरिएका सम्भावित सम्पत्ति तथा दायित्वहरु तथा सोही अवधिसम्मको मात्र आम्दानी तथा खर्चहरुसँग सम्बन्धीत रकमलाई आधार मानी लेखा अनुमानहरु तयार गर्नुपर्ने हुन्छ ।

Accounting Assumptions तथा अनुमानहरुलाई Ongoing Basis आधारमा समिक्षा गर्ने गरिएको छ । लेखा अनुमानहरुको पुर्नविचार गर्दा सोही अवधिको लागि मात्र प्रभाव गर्ने भए सोही अवधिको लागि र भविष्यमा पनि प्रभाव रहने भएमा हाल तथा भविष्यको लागि पनि स्विकार्य हुने गरी उल्लेख गरिएको छ । लेखा अनुमानहरुको प्रकृति र प्रभावमा परिवर्तन गरी लागु गरिएको अवस्थामा लेखा टिप्पणीको साथमा त्यस्ता विशेष

लेखा अनुमानहरु उल्लेख गरिएको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रमा अनुमान, धारणा तथा स्वविवेकको महत्वपूर्ण स्थान हुन्छः

- » वित्तीय उपकरणको बजार मूल्य (Fair Value of Financial Instrument)
- » वित्तीय सम्पत्ती तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- » वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था (Impairment Losses on Financial Assets)
- » गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था (Impairment Losses on Non Financial Assets)
- » जायजेथा, प्लाण्ट तथा उपकरणको उपयुक्त प्रयोग अवधी (Useful Economic Life of Property, plant and Equipments)
- » आयकर तथा स्थगन कर (Taxation and Deferred Tax)
- » परिभाषित लाभ दायित्व (Defined Benefit Obligations)
- » सम्भावित दायित्व (Provisions for Liabilities, Commitments and Contingencies)

## २.५ लेखा अवधिः

संस्थाले आफ्नो वित्तीय विवरण नेपाली आर्थिक वर्ष अनुसार तयार गर्ने गरेको छ । नेपाली आर्थिक वर्ष अनुसार हुने अंग्रेजी क्यालेण्डरको मिति निम्नानुसार छ ।

| विवरण | नेपाली क्यालेन्डर अनुसारको मिति | अंग्रेजी क्यालेण्डर अनुसारको मिति |
|---|---|---|
| नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय स्थितिको विवरणको मिति | ०१ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ | १६ जुलाई २०२४ देखि १६ जुलाई २०२५ |
| नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय स्थितिको तुलनात्मक विवरण मिति | ०१ श्रावण २०८० देखि ३१ आषाढ २०८१ | १७ जुलाई २०२३ देखि १५ जुलाई २०२४ |

## २.६ प्रस्तुतीकरणः

आर्थिक स्थितिको विवरणः संस्थाको वित्तीय विवरणहरु प्रस्तुत गर्दा चालु तथा गैह्र चालु सम्पत्ति र दायित्व छुट्याई देखाइएको छ । यस्ता सम्पत्ति तथा दायित्वहरुलाई अन्तिम अवधि (Maturity Period) को आधारमा आवश्यकता अनुसार पुनः विभाजन गरी टिप्पणीमा उल्लेख गरिएको छ ।

संस्थाले सम्पत्ति तथा दायित्वलाई चालु भनी निम्नबमोजिम वर्गीकरण गरेको छः

क. जब संस्थाले सामान्य संचालन चक्रभित्र बुझ्ने अपेक्षा राख्दछ ।

ख. जब संस्थाले सम्पत्ति बिक्री प्रयोजनका लागि छुट्याउँदछ ।

ग. रिपोर्टिङ्ग अवधि सकिएको १२ महिनाभित्र सम्पत्ति तथा दायित्वहरु नगद वा सो सरहमा रुपान्तरण हुन सक्दछ ।

अन्यको हकमा गैह्र चालु सम्पत्ति र दायित्व भनि छुट्याई देखाइएको छ ।

नाफा-नोक्सान विवरणस् नाफा नोक्सान विवरण, प्रकृतिक वर्गीकरण (Classification by Nature) सिद्धान्तको आधारमा तयार गरिएको छ । NAS 33 बमोजिम प्रति शेयर आम्दानी रकम नाफा नोक्सान विवरणको आधारमा राखिएको छ ।

नगद प्रवाह विवरणस् नगद प्रवाह विवरण अप्रत्यक्ष विधिको प्रयोग गरी तयार गरिएको छ । नगद प्रवाह गतिविधिहरु NAS 07 बमोजिम मुख्यतः निम्न तीन भागमा वर्गीकरण गरिएको छ ।

क. संचालन गतिविधिको नगद प्रवाह

ख. लगानी गतिविधिको नगद प्रवाह

ग. वित्तीय गतिविधिको नगद प्रवाह

इक्विटीमा भएको परिवर्तनः इक्विटीको प्रत्येक भागको खुलासा गरी इक्विटीमा भएको परिवर्तनको विवरण तयार गरिएको छ ।

## २.७ प्रस्तुतीकरण मुद्रा (Presentation Currency):

संस्थाका वित्तीय विवरणहरु चलनचल्तिको कारोवार मुद्रा (नेपाली रुपैंया) मा प्रस्तुत गरिएको छ । दशमलव पछिका अंकहरुलाई नजिकको रुपैंयामा समायोजन गरी वित्तीय विवरणहरु नेपाली रुपैंयामा (Nepalese Rupees, NPR) मा प्रस्तुत गरिएको छ ।

## २.८ पुनः वर्गीकरणः

तुलना गर्ने प्रयोजनको लागि आवश्यकता अनुसार विगत वर्षको अंकहरुलाई खुलासा सहित पुनः वर्गीकरण गरिएको छ ।

कोषको संचित नाफामा आ.व २०८०—८१ को लेखापरीक्षित वित्तीय विवरणमा केही पुनः वर्गीकरण गरिएको छ । आ.व २०८०—८१ को लेखापरीक्षित वित्तीय विवरण अनुसार कर्मचारी उपदान दायित्व रु १५,६२२,७८० र कर्मचारी सुरक्षण कोषमा रू ३६,०११,३३४ रहेको थियो । तर, यस आ.व मा गरिएको Actuarial Valuation अनुसार, आ.व २०८०—८१ को कर्मचारी उपदान दायित्व रु ३१,४३३,५०८ र कर्मचारी सुरक्षण कोष दायित्व रू ४०,१५९,११३ रहेको पाइएको छ ।

उक्त भिन्नता रु १९,९५८,५०६ का कारणले आ.व २०८०—८१ को संचित नाफा तथा उपदान दायित्व र कर्मचारी सुरक्षण कोषमा समायोजन गरी नयाँ सुरुवाती संचित नाफा तथा उपदान दायित्व र कर्मचारी सुरक्षण कोष तय गरिएको छ ।

यस आर्थिक वर्षमा संस्थाले कर पछिको खूद नाफा-(नोक्सान) रकम निक्षेप सुरक्षण कोष र कर्जा सुरक्षण कोषमा स्थानान्तरण गर्ने नीति परिवर्तन गरेको छ । उक्त परिवर्तन सञ्चालक समितिको मिति २०८२—०९—२७ मा बसेको १०३० औं बैठकबाट स्वीकृत गरिएको हो । यस निर्णयअनुसार अघिल्लो वर्षको संचित नाफा जम्मा रु. ३७१,७५२,७३३.५९ लाई निक्षेप सुरक्षण कोषमा रु. १८५,८७६,३६६ (५०%) र कर्जा सुरक्षण कोषमा रु. १८५,८७६,३६६ (५०%) स्थानान्तरण गरिएको छ ।

NAS ८ — लेखा नीतिहरू, लेखा अनुमानमा परिवर्तन तथा त्रुटिहरू बमोजिम यो लेखा नीतिमा भएको परिवर्तन पश्चप्रभावी (Retrospective) रूपमा लागू गरिएको छ । सोहीअनुसार, अघिल्लो वर्षको संचित नाफा, निक्षेप सुरक्षण कोष र कर्जा सुरक्षण कोषको प्रारम्भिक मौज्दात पुनःस्थापना (Restated) गरिएको छ ।

## २.९ छुट दर (Discounting Rate):

संस्थाले विविध पक्षहरुमाथि विचार गरी नगद प्रवाहमा प्रयोग हुने छुट दर (Discounting Rate) निर्धारण गरेको छ । सामान्यतया यस्तो छुट दर निकाल्नको लागि Capital Assets Pricing Model - CAPM प्रयोग गरिन्छ । सम्पत्तिको क्षयिकरण (Assets Impairment) को निर्धारण गर्दा समेत छुट दर (Discounting Rate) लाई प्रयोग गरिएको छ । संस्थाको कुनै पनि दीर्घकालिन ऋण नभएमा पुँजीको लागत नै पुँजीको भारित औसत (Weighted Average) लागत हुन्छ । आसीत प्रतिफलको दर (Expected Rate of Return) निर्धारणमा CAPM को प्रयोगका लागि Beta आवश्यक हुन्छ । यो संस्था सूचीकृत नभएको कारण द्यभतब को प्रयोग हुन सक्दैन । यसकारण छुट दर (Discounting Rate) प्रयोजनको लागि CAPM को प्रयोग गरिएको छैन ।

वित्तीय विवरणहरुमा छुट दर (Discounting Rate) निर्धारण गर्दा वित्तीय उपकरणको अवधिलाई बराबर हुने व्याज दरको प्रयोग गरिएको छ । यसरी निर्धारण हुन आएको छुट दर (Discounting Rate) ५ देखि १० बर्षको ऋणलाई ३.०१% ले, १० बर्ष भन्दा बढी १५ बर्ष सम्मको ऋणलाई ३.४१% ले, १५ बर्ष भन्दा बढिको ऋणलाई ४.१९% ले कर्मचारी कर्जासँग सम्बन्धीत नगद प्रवाहलाई Discounting गरी कर्मचारी कर्जासँग सम्बन्धीत वित्तीय सम्पत्तिको उचित मूल्य (Fair Value) निर्धारण गरिएको छ ।

## २.१० नेपाल वित्तीय प्रतिवेदनमान परिपालनका सीमाहरु (Limitation to NFRS Implementation):

सूचनाहरु उपलब्ध नभएका अवस्थामा सूचनाहरु प्राप्त गर्न लाग्ने लागत प्राप्त हुने लाभभन्दा बढी हुने अवस्थामा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) परिपालनमा समस्याहरुसँगका त्यस्ता अपवादहरुलाई सम्बन्धीत खण्डहरुमा समावेश गरिएका छन् ।

## २.११ सञ्चालक समितिबाट वार्षिक वित्तीय विवरणको स्वीकृति

संलग्न वित्तीय विवरणले मिति ०१ श्रावण २०८१ देखि मिति ३२ आषाढ २०८२ को अवधिलाई समेटी मिति ३२ आषाढ २०८२ को वित्तीय स्थिति प्रस्तुत गरेको छ । उक्त वित्तीय विवरण सञ्चालक समितिको मिति २९ पुस २०८२ को १०३१ औ बैठकबाट स्वीकृत भएको छ ।

## २.१२ वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व

वित्तीय विवरण तयार गर्ने अन्तिम जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको छ । यस सन्दर्भमा सञ्चालक समिति आफ्नो जिम्मेवारीमा पूर्ण जानकार रहेको छ । आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरणमा देहायका विवरणहरु समावेश गरिएका छन् :

» संस्थाको आषाढ मसान्त, २०८२ मा कायम वित्तीय स्थितिको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position),

» संस्थाको आर्थिक वर्ष २०८१/८२ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income),

» संस्थाको आर्थिक वर्ष २०८१/८२ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

» संस्थाको आर्थिक वर्ष २०८१/८२ मा जेथामा भएको परिवर्तनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Changes in Equity) तथा

» संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धीत अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

## ३. प्रमुख लेखा नीति

### ३.१ अदृश्य सम्पत्तिः

निश्चित प्रयोग अवधि (Useful Life) भएका अदृश्य सम्पत्तिहरुलाई प्राप्त हुँदाको लागत मूल्य (Acquisition Cost) बाट सञ्चित परिशोधन मूल्य (Accumulated Amortized Cost) तथा सञ्चित क्षयिकरण घाटा (Accumulated Impairment Loss) घटाएर निर्धारण गरिएको छ ।

सम्पत्तिको प्रयोगयोग्य जीवन अवधि (Useful Life) र परिशोधन (Amortization) विधि संस्थाले हरेक वर्ष पुनरावलोकन गर्ने गरेको छ । सम्पत्तिको अनुमानित प्रयोग अवधि (Expected Useful Life) तथा सम्पत्तिबाट भविष्यमा हुने आर्थिक लाभको उपभोगलाई NAS 08 ले औंल्याएको विधिसँग उपयुक्त हुने गरी परिशोधन (Amortization) अवधि र विधिमा परिवर्तन गरि लेखांकन गरिनुको साथै सोही अनुसार नै लेखा अनुमानहरुमा पनि परिवर्तन गरिएको छ । संस्थाको वित्तीय विवरणमा उल्लेख भएको अदृष्य सम्पत्ति कम्प्युटर सफ्टवेयर रहेको र यसको प्रयोगयोग्य जीवन अवधि ५ वर्ष निर्धारण गरिएको छ । अदृष्य सम्पत्तिलाई समदर विधि (Straight Line Method) मा परिशोधन गरिएको छ। यस सम्बन्धी विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.१ मा उल्लेख गरिएको छ ।

### ३.२ जायजेथा, प्लाण्ट तथा उपकरणः

जायजेथा, प्लाण्ट तथा उपकरणहरुलाई तिनीहरुको सम्पूर्ण खर्चबाट सञ्चित ह्रास तथा सञ्चित क्षयिकरण (Impairment Loss) घटाई आएको लागत मूल्यमा संस्थाको वित्तीय स्थितिको विवरणमा देखाइएको छ । संस्थाले आफ्नो नियन्त्रणमा भएका र भविष्यमा संस्थालाई आर्थिक लाभ प्रदान गर्ने प्रवल सम्भावना भएका तथा लागत मूल्यलाई सजिलै मापन गर्न सकिने सम्पत्तिहरुको पहिचान गरि लेखांकन गर्दछ ।

जायजेथा, प्लाण्ट तथा उपकरणहरुको ह्रासकट्टी अवधि सम्पत्तिको प्रयोगयोग्य अवधिको आधारमा गरिन्छ । ह्रासकट्टी गर्दा सम्पत्ति प्राप्त गरिएको वर्षदेखि समदरमा गर्ने गरिन्छ । बाँकी मूल्य, प्रयोगयोग्य अवधि र ह्रासकट्टी दर कम्तिमा प्रत्येक वर्षान्तमा पुनरावलोकन गरिएको छ । कुनै अनुमानहरु फरक पर्न गएको अवस्थामा त्यस्ता फरकहरुलाई NAS अनुसार लेखांकन गरिएको छ ।

खरिद मूल्य बाहेक सम्पत्तिहरुलाई तिनिहरुको स्थानसम्म पुर्याउन र वास्तविक ढंगमा सञ्चालन क्षमतायोग्य बनाउन लागेका खर्चहरुलाई सम्पत्तिको मूल्यमा नै समाहित गरिएको छ । फरक प्रयोगयोग्य अवधि भएका पार्टपुर्जाहरु जडित प्लाण्ट र उपकरणहरुको हकमा त्यस्ता पार्टपुर्जाहरुको आ—आफ्नो अवधिको आधारमा छुट्टाछुट्टै ह्रास कट्टी गरिएको छ । NAS 16 ले सम्बोधन नगर्ने खर्चहरुलाई सम्बन्धीत अवधिमै खर्च लेखिएको छ ।

संस्थाको नाममा रहेको जग्गालाई प्राप्त गरेको लागतको आधारमा मूल्य कायम गरिएको छ । स्वामित्व सम्बन्धी मान्य प्रमाणपत्रहरु भएका जग्गा जमिनलाई सम्पत्ति लेखाङ्कनको मापदण्ड (Asset Recognition Criteria) को आधारमा Principle of Substance Over Form माथि पनि विचार गरी लेखांकन गरिएको छ । यस्ता सम्पत्तिहरुलाई NAS 16 को बुँदा ३० अनुसार लागत अवधारण अनुरुप लेखांकन गरिएको छ ।

भौतिक पूर्वाधारहरु तथा संरचनाहरुलाई RCC, भारवहन क्षमता, तथा अन्य निर्माण बनोटको आधारमा वर्गीकरण गरिएको छ । त्यस्ता भौतिक पूर्वाधारहरुलाई तिनीहरुको प्रयोगयोग्य अवधिको आधारमा ऐतिहासिक

लागतबाट सञ्चित ह्रासकट्टी गरी लेखांकन गरिएको छ ।

फर्निचर फिक्स्चर र अन्य अफिस सामग्रीका प्रयोगयोग्य अवधिको आधारमा ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी गरी लेखांकन गरिएको छ ।

सवारी साधनहरुको प्रयोगयोग्य अवधिको आधारमा ऐतिहासिक लागतबाट सञ्चित ह्रास कट्टी गरी लेखांकन गरिएको छ ।

**ह्रास कट्टीः**

जग्गा जमिन बाहेका अन्य सम्पत्तिहरुलाई तिनिहरुको प्रयोगयोग्य अवधि अनुसार समदर विधिको आधारमा (Straight Line Method) ह्रास कट्टी गरिएको छ । बाँकी मूल्य, सम्पत्तिको प्रयोगयोग्य अवधि र ह्रासकट्टी विधिहरुलाई हरेक आर्थिक वर्षको अन्त्यमा पुनरावलोकन गरिएको छ । प्रयोगयोग्य अवधिको पूर्वानुमानमा कुनै परिवर्तन भएको पाइएमा परिवर्तित अनुमानहरुलाई NAS 8 अनुसार परिमार्जित गरी लेखांकन गरिएको छ । सम्पत्तिको प्रयोगयोग्य अवधि अनुसारको ह्रास कट्टी गरी टिप्पणी ४.२ मा देखाइएको छ ।

फरक फरक प्रयोगयोग्य अवधि भएका पार्टपुर्जाहरु जडित प्लाण्ट र उपकरणहरुको हकमा त्यस्ता पार्टपुर्जाहरुको आ—आफ्नो अवधिको आधारमा छुट्टाछुट्टै ह्रास कट्टी गरिएको छ ।

**निसर्ग (De-recognition):**

जायजेथा, प्लाण्ट तथा उपकरणहरुको कुनै एकाइ को खुद निसर्ग (Net Disposal) मूल्य र तिनिहरुको खुद किताबी मूल्य (Carrying Amount) बीचको फरक मूल्यलाई त्यस्ता सम्पत्तिहरु विस्थापन गर्दा प्राप्त वास्तविक नाफा नोक्सान मानिएको छ ।

### ३.२.१ प्रयोगयोग्य अवधिः

सम्पत्तिको प्रयोगयोग्य अवधि र सम्भावित बाँकी रकमलाई वर्गीकरण गरि समदर ह्रासकट्टी विधि अनुसार गरिने ह्रासकट्टी दर निम्नानुसार छः

| सम्पत्ति | प्रतिशतमा |
|---|---|
| भवन | ५ |
| कार्यालय उपकरण | २५ |
| सवारी साधन | २० |
| अन्य स्थिर सम्पत्ति | १५ |

### ३.२.२ जायजेथा, प्लाण्ट तथा उपकरणको क्षयिकरण (Impairment of Property, Plant and Equipment)

**क) क्षयिकरण (Impairment Test) को प्रयोगः**

जायजेथा, प्लाण्ट तथा उपकरणको कुनै एकाइमा भएको क्षयिकरण (Impairment) त्यसको खुद किताबी मूल्य (Carrying Value) र पुनः प्राप्त गर्न सकिने मूल्य (Recoverable Amount) बीचको फरकको रुपमा पहिचान गरिएको छ । कुनै सम्पत्तिको खास एकाईले स्वतन्त्र रुपमा नगद प्रवाह गर्दैन भने पुनः प्राप्त गर्न सकिने मूल्यलाई त्यस्तै समूहमा रहेका नगद उत्पादन गर्ने एकाई (Cash Generative Units- CGU) हरु को आधारमा निर्धारण गरिएको छ । संस्थाको प्रत्येक प्रक्षेपण मितिमा कुनै सम्पत्तिमा क्षयिकरण गर्नुपर्ने देखिएको अवस्थामा सोको निर्धारण गरी पुनः प्राप्त गर्न सकिने मूल्यलाई समेत निश्चित गरिएको छ । नगद उत्पादन

गर्ने एकाइहरुको पुनः प्राप्त गर्न सकिने मूल्य, उचित मूल्यमा निसर्ग गर्न लाग्ने लागत घटाइ आउने मूल्य र प्रयोगमा आएको मूल्य (Value in Use) मध्ये जुन बढि हुन्छ, सोहीलाई कायम गरिएको छ । बजारमूल्यको आधारमा निर्धारण गर्न नसकिने अवस्थामा यस्तो छुट सहितको नगद प्रवाह (Discounted Cash Flow) को आधारमा गरिन्छ । नगद प्रवाह गणना, विगतको प्रवृत्ति (Past Trend) तथा बाह्य सूचनाको आधारमा गरिएको छ । सम्पत्ति वा नगद उत्पादन गर्ने एकाई (Cash Generative Units- CGU) हरुमा हुने विशेष जोखिम देखाउनको लागि उपयुक्त छुटको दर (Discount Rate) को प्रयोग गरिएको छ ।

### ख) क्षयिकरणको संकेत (Impairment Indication):

सम्पत्तिमा क्षयिकरण गर्नुपर्ने पहिचान भएका प्रत्येक नगद उत्पादन गर्ने एकाइको क्षतिको गणना गर्दा नगद प्रवाह गराउने नगद उत्पादन गर्ने एकाइको खुद किताबी मूल्य र पुनः प्राप्त गर्न सकिने मूल्य बीच तुलना गर्ने गरेको छ ।

### ग) क्षयिकरण भएको मूल्य (Impairment Charge):

गत आ.व. मा घर कर्जा बीमा (राष्ट्रिय बिमा संस्थान) वापत को गैह चालु आसामी माथि हकदाबी कायम गर्न सक्ने प्रर्याप्त कागजात नभएको हुनाले सम्पत्तिको क्षयिकरण गरिएको थियो । यस वर्ष कुनै पनि सम्पत्ति क्षयिकरण गरिएको छैन ।

विस्थापित भएका, मर्मत गरी सञ्चालन गर्न नसकिने गरि बिग्रिएका तथा मूल्य नगन्य भइ अप्रचलित अवस्थाका सम्पत्तिहरुलाई पहिचान भएको अवधिबाटै कम्पनीको सम्पत्ति शीर्षकबाट हटाइनु पर्दछ । NFRS 6 बमोजिम बिक्रिको लागि छुट्टाएको सम्पत्तिलाई किताबी मूल्य वा उचित मूल्यमा निसर्ग गर्दा लाग्ने खर्च घटाइ लेखांकन गरिनु पर्दछ । यस वर्ष विक्रिका लागी कुनै पनि सम्पत्ती छुट्याइएको छैन ।

## ३.३ मालशेष

मालशेषको लागत वा कुल प्राप्तियोग्य मूल्य (Net Realizable Value) मध्ये न्यूनतम मूल्यमा मापिन्छ । कुल प्राप्तियोग्य मूल्य (Net Realizable Value) भनेको सामान्य व्यवसायिक क्रममा अनुमानित बिक्री मूल्य मा अनुमानित पूरा गर्ने लागत र आवश्यक खर्चहरु घटाइ पछिको रकम हो । सामग्रीको मूल्याङ्कन गर्दा फर्स्ट इन फर्स्ट आउट (FIFO) विधि प्रयोग गरिन्छ ।

## ३.४ अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी

अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी अन्तर्गत त्यस्ता खर्चहरु पर्छन् जसको लाभ आगामी वर्षमा मात्र प्राप्त गर्न सकिन्छ ।

अग्रीम भुक्तानी रकम, पेश्की र धरौटीलाई ऐतिहासिक लागत मूल्यांकन अनुसार लेखांकन गरिएको छ । यसको लागत मूल्य नै उचित मूल्य हुन्छ । यस सम्बन्धी विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.४ मा उल्लेख गरिएको छ ।

### क्षयिकरण तथा जोखिमः

संस्थाले अग्रीम भुक्तानी रकम, पेश्की र धरौटीहरुको जोखिम नजिकबाट नियाल्ने गर्ने गरेको छ । विगत अनुभवलाई दृष्टिगत गर्दा यस्ता प्राप्तिहरुमा हाल सम्म कुनै जोखिम व्यहोनुपर्ने देखिदैन ।

## ३.५ आयकर सम्पत्ति

आयकर सम्पत्तिलाई ऐतिहासिक लागत मूल्यांकन अनुसार लेखांकन गरिएको छ । यसको लागत मूल्य नै उचित मूल्य हुन्छ । यस सम्बन्धी विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.८ मा उल्लेख गरिएको छ ।

### क्षयिकरण तथा जोखिमः

आयकर सम्पत्ति नेपाल सरकारको आन्तरीक राजश्व विभागमा दाखिला भएको रकम हुँदा सो को क्षयिकरण र जोखिमको सम्भावना देखिदैन ।

## ३.६ वित्तीय उपकरणः

वित्तीय उपकरणहरु NFRS 9, NAS 32/ NAS 39 को अवधारणमा आधारित रहि वित्तीय सम्पत्ति र वित्तीय दायित्वमा वर्गीकरण गरिएको छ ।

### ३.६.१ वित्तीय सम्पत्तिहरुः

वित्तीय सम्पत्तिहरु यस्ता सम्पत्तिहरु हुन जोः

(क) नगद

(ख) अन्य निकायको वित्तीय उपकरणहरु

(ग) निम्न बमोजिमको करारयोग्य अधिकारः

नगद वा अन्य निकायको अन्य वित्तीय सम्पत्ति प्राप्त गर्ने,

निकायलाई सम्भावित लाभदायी स्थितीमा अन्य निकायसंग वित्तीय सम्पत्ति वा वित्तीय दायित्व साट्ने

(घ) निकायको आफ्नो वित्तीय उपकरणहरुमा मिलान गरीने वा मिलान गर्न सकिने करारः

Non-Derivative जसका लागि अस्थिर संख्याको आफ्नै वित्तीय उपकरणहरु पाउन निकाय स्वयमलाई बाध्य गर्न सकिन्छ वा गरिन्छ ।

Derivative जसलाई निश्चित रकमको नगद वा निश्चित रकमको निकायको आफ्नै अर्को वित्तीय सम्पत्तिमा साट्ने बाहेक अन्य तरीकाले मिलान हुनसक्छ वा गरिन्छ ।

वित्तीय सम्पत्तिहरु NFRS 9, NAS 32 / NAS 39 को अवधारणमा आधारित रही निम्न समूहमा वर्गीकरण गरिएकोः छ ।

क. नाफा नोक्सान हिसावबाट उचित मूल्य (Designated At Fair Value Through Profit or Loss)

ख. अन्य व्यापक आयवाट उचित मूल्य (Designated At Fair Value Through Other Comprehensive Income)

ग. परिशोधित मूल्य (At Amortized Cost)

निकायको वित्तीय सम्पत्तिमा निम्न अनुसारको सम्पत्तिहरु पर्दछनः

क) लगानी

ख) आसामी

ग) कर्मचारी कर्जा सापटी

घ) नगद तथा बैंक मौज्दात

## क) लगानी

### ऋणपत्रमा लगानीः

NFRS 9 को वर्गीकरण अनुसार ऋणपत्रमा गरिएको लगानीलाई प्रतिशोधन मूल्यमा लेखांकन गरिएको छ । यस्तो ऋणपत्रमा छुट वा प्रिमियम नभएको कारण यसको लागत मूल्य नै प्रतिशोधन मूल्य हुन आउँछ । ऋणपत्रमा प्राप्त हुने व्याजलाई प्रभावकारी व्याज दर (Effective Interest Rate) प्रयोग गरी आय लेखांकन गरिएको छ । ऋणपत्रमा छुट वा प्रिमियम नभएको कारण Coupon व्याज दर नै प्रभावकारी व्याज दर हुन आउँछ । यस सम्बन्धी विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.५ मा उल्लेख गरिएको छ ।

अल्पकालीन लगानी (बैंक (मुद्दती) निक्षेप लगानी):

संस्थाको नाममा नेपालका बैंकहरुमा मुद्दती निक्षेपहरु रहेका छन् । यस्ता निक्षेपहरुको भुक्तानी हुने अवधि (Maturity Perion) एक वर्ष रहेको छ र तोकिएको दरमा व्याज प्राप्त हुने गर्दछ । व्याजको दर सम्झौताका शर्त अनुसार बैंक अनुसार फरक फरक रहेको छ । बैंक निक्षेप लगानीहरुलाई NFRS 9 अनुसार त्यसको भुक्तानी हुने अवधि (Maturity Period) वा प्रभावकारी व्याज दर (Effective Interest Rate) को प्रयोग गरी परिशोधित मूल्य (At Amortized Cost) मा वर्गीकृत गरिएको छ । यस्ता निक्षेपहरु साँवा तथा भुक्तानी प्राप्त गरी फरफारक गरिने हुँदा यसमा अन्य लागत, प्रिमियम वा छुट समावेश नभएका कारण Intrinsic Coupon Rate लाई नै व्याजदर को रुपमा लिइएको छ । यस सम्बन्धी विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.५ मा उल्लेख गरिएको छ ।

### क्षयिकरण तथा जोखिमः

बैंकमा जम्मा गरेको रकममा क्षयिकरणको सम्भावना रहेको देखिँदैन । सबै रकमहरु नेपालका बैंकहरुमा जम्मा गरिएको र ती बैंकहरुलाई नेपाल राष्ट्र बैंकले नजिकबाट नियमन गर्ने हुँदा जोखिमको सम्भावना देखिँदैन ।

## ख) आसामी

आसामीलाई ऐतिहासिक लागतमा मूल्यांकन गरिएको छ । यसको लागत मूल्य नै उचित मूल्य (Fair Value) हुन्छ । आसामीलाई चालु र गैह्र चालु गरी दुई भागमा बिभाजन गरिएको छ । एक बर्ष भित्रमा लाभ आर्जन गर्न सकिने आसामीलाई चालु अन्तर्गत बिभाजन गरीएको छ भने एक बर्ष भन्दा बढी समय पछी मात्र लाभ आर्जन गर्न सकिने आसामीलाई गैह्र चालु आसामीको रुपमा बिभाजन गरिएको छ ।

### आर्जित व्याज

तोकिएको समयमा आयको रुपमा लिइएको तर प्राप्त भैनसकेको व्याजलाइ NFRS 15 अनुसार सामान्य व्यवसायको दौरान प्राप्त भएको मानी आर्जित व्याजमा समावेश गरिएको छ । यस्ता आयलाई लागत मूल्यको आधारमा लेखांकन गरिएको छ । संस्थाको आसामीको विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.९ मा उल्लेख गरिएको छ ।

### क्षयिकरण तथा जोखिमः

विगत अनुभवलाई दृष्टिगत गर्दा यस्ता प्राप्तिहरुमा कुनै जोखिम व्यहोनुपर्ने देखिँदैन ।

### ग) कर्मचारी कर्जा सापटी

कर्मचारीलाई कर्मचारी विनियमावली तथा संस्थाको सञ्चालक समितको निर्णय (अर्थ मन्त्रालयको सहमति सहित) अनुसार प्रदान गरिएका कर्जालाई प्रतिशोधन मूल्य (Amortized Cash) मा लेखांकन गरिएको छ । कर्मचारी कर्जाबाट हुने नगद प्रवाहलाई Risk Free Rate (सो उपकरणको अवधिको प्रचलित दर) प्रयोग गरी Discount गरी शुरुको प्रतिशोधन मूल्य (Fair Value) गणना गरिएको छ । कर्मचारी कर्जाको Fair Value र अंकित मूल्य बीचको फरकलाई Deferred Cost (स्थगन खर्चः कर्मचारी कर्जासँग सम्बन्धीत) को रुपमा लेखांकन गरिएको छ । हरेक वर्ष कर्जाको Fair Value मा Risk Free Rate लगाई व्याज आम्दानी लेखांकन गरिएको छ । हरेक वर्ष प्राप्त हुने नगद व्याज आम्दानी तथा Fair Value व्याज आम्दानी बीचको फरकलाई Deferred Cost खाता क्रेडिट गरी कर्मचारी खर्चको रुपमा लेखांकन गरिएको छ । कर्मचारी कर्जा सापटी साथै स्थगन खर्च (कर्मचारी कर्जासँग सम्बन्धीत) लाई यसै वित्तीय विवरणको टिप्पणी ४.६ मा उल्लेख गरिएको छ ।

### क्षयिकरण तथा जोखिमः

यस्तो लगानी कर्मचारीलाई गरिएको लगानी भएकोले कर्जा जोखिम रहँदैन । तसर्थ यस्तो कर्जामा क्षयिकरण हुँदैन भन्नेमा व्यवस्थापन विश्वस्त छ ।

### च) नगद तथा नगद सरह

नगद र नगद सरहका सम्पत्तिहरुको वास्तविक रुपमा तीन महिनाभन्दा कम भुक्तानी हुने अवधि (Maturity Period) हुने हुन्छ र यसले संस्थाको अल्पकालीन तरलताको आवश्यकतालाई पूरा गर्दछ ।

नगद र नगद सरहका सम्पत्तिहरु उचित मूल्य (Fair Value) निकट रहेको र अधिकांश संस्थाका यस्ता नगद वा सो सरहका सम्पत्तिहरुमा जोखिमरहित Call Deposits र तुरुन्त नगदमा परिवर्तन गर्न सकिन अधिकतम तरल लगानीहरु रहेका छन् । नगद तथा चेकहरु पनि यस अन्तर्गत पर्दछन् । यस सम्बन्धी विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.१० मा उल्लेख गरिएको छ ।

### क्षयिकरण तथा जोखिमः

बैंक तथा नगद मौज्दातमा मुख्य रुपमा Time Value of Money र Inflatioanary Devaluation जस्ता जोखिम रहन्छन् जुन जोखिमलाई बैंकबाट प्राप्त व्याजले सन्तुलन गर्न सकेको देखिँदैन ।

### ३.६.२ वित्तीय दायित्वहरुः

वित्तीय दायित्वहरु यस्ता दायित्वहरु हुन जोस्

क) निम्न बमोजिमको करारसँग सम्बन्धीत दायित्व हो :

- » नगद वा अन्य निकायको अन्य वित्तीय सम्पत्ति प्रदान गर्ने ,
- » निकायलाई सम्भावित घाटा हुने वा लाभदायी नहुने स्थितिमा अन्य निकायसँग वित्तीय सम्पत्ति वा वित्तीय दायित्व साट्ने

ख) निकायको आफ्नो वित्तीय उपकरणहरुमा मिलान गरीने वा मिलान गर्न सकिने करारः

- » Non-Derivative जसका लागि अस्थिर संख्याको आफ्नै वित्तीय उपकरणहरु पाउन निकाय स्वयमलाई बाध्य गर्न सकिन्छ वा गरिन्छ ।
- » Derivative जसलाई निश्चित रकमको नगद वा निश्चित रकमको निकायको आफ्नै अर्को वित्तीय

सम्पत्तिमा साट्ने बाहेक अन्य तरीकाले मिलान हुनसक्छ वा गरिन्छ ।

वित्तीय दायित्वहरु NFRS 9 / NAS 39 को अवधारणमा आधारित रहि निम्न समूहमा वर्गीकरण गरिएको छ ।

» नाफा नोक्सान हिसाबबाट उचित मूल्य (Designated At Fair Value Through Profit or Loss)

» परिशोधित मूल्यमा भुक्तानी अवधि सम्म राखिएको (At Amortized Cost)

निकायको वित्तीय दायित्वमा निम्न अनुसारको दायित्वहरु पर्दछन:

## क) व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम

व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकमलाई उचित मूल्य (Fair Value) को अवधारणमा आधारित रही ऐतिहासिक लागतमा लेखांकन गरिएको छ । यसको ऐतिहासिक लागत मूल्य नै उचित मूल्य हुन्ने विश्वास व्यवस्थापनले लिएको छ । यस सम्बन्धी विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.१२ मा उल्लेख गरिएको छ ।

बोनस ऐन, २०३० र बोनस नियमावली, २०३९ को नियम ६ अनुसार आयकर व्यवस्था अघिको खुद नाफाको १ प्रतिशत रकम बोनस बापत छुट्टयाई खर्च लेख्ने नीति लिइएको छ ।

## ३.७ निश्चित अवकाश सुविधा दायित्व

कर्मचारी अवकास सुविधा अन्तर्गतका सुविधाहरु कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीको आधारमा NAS 19 अनुसार Actuarial Valuation Assumptions को आधारमा गणना गरिएको छ । यस सम्बन्धी विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.११ मा उल्लेख भए अनुसार कर्मचारी उपदान योजना र कर्मचारी विदा सुविधा योजनाको दायित्व तथा लगानीको उचित मूल्यको आधारमा मूल्यांकन गरिएको छ ।

अवकास सुविधा अन्तर्गतको दायित्व रकमको लगानी नेपाल सरकारको स्वामित्व रहेको नागरिक लगानी कोष मा गरिएको छ । नागरिक लगानी कोषमा नेपाल सरकारको स्वामित्व रहेकोले यसमा जोखिम नरहने कुरामा व्यवस्थापन विश्वस्त छ ।

## ३.८ आयको पहिचान (Revenue Recognition)

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 Revenue From Contract With Customers (ग्राहकसंगको करारबाट प्राप्त आय) को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ । कोषले निक्षेप तथा कर्जा सुरक्षण कोषबीच आम्दानी बाँडफाँट गर्ने क्रममा कुल आम्दानीको ५० प्रतिशत रकम कर्जा सुरक्षण कोषको आय विवरणमा र बाँकी ५० प्रतिशत रकम निक्षेप सुरक्षण कोषको आय विवरणमा बाँडफाँट गर्ने नीति अवलम्बन गरेको छ ।

## ३.८.१ सुरक्षण शुल्क वापत आम्दानी

सुरक्षण शुल्कलाई प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिएको छ । निक्षेप सुरक्षण र कर्जा सुरक्षण शुल्कलाई छुट्टाई निक्षेप सुरक्षण र कर्जा सुरक्षणको फरक फरक वित्तीय विवरण तयार गरिएको छ । कर्जा सुरक्षण शुल्क आम्दानीमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम समेत समावेश गरिएको छ । कर्जा सुरक्षण आम्दानीमा ५० प्रतिशत अनुदान नेपाल सरकारबाट प्रदान हुने गरेको छ भने पशुधन सुरक्षणको हकमा ८० प्रतिशत अनुदान उपलब्ध हुँदै आएको छ ।

### ३.८.२ अन्य आम्दानी

अन्य आम्दानी अन्तर्गत निक्षेपको व्याज, कर्मचारी कर्जाको व्याज, निश्चित सुविधा योजनाबाट व्याज लगायतका अन्य आम्दानी पनि पर्दछन् । कर्जा सुरक्षण बापत भुक्तानी गरिएको क्षतिपूर्ति असूली रकमलाई कर्जा कोषको अन्य आम्दानीमा देखाइएको छ । निक्षेप सुरक्षण बापत पूँजीकोष नपुग, समयमा भुक्तानी नगर्दा लाग्ने जरिवाना जस्ता आम्दानीलाई निक्षेप कोषको अन्य आम्दानीमा देखाइएको छ ।

### ३.९ दाबी भुक्तानी तथा सुरक्षण खर्च

कोषमा प्राप्त हुने दाबी भुक्तानीलाई कोषले क्षतिपूर्ति खर्चको रुपमा लेखाङ्कन गर्ने गर्दछ । सुरक्षण खर्चमा कोषले पशुधन सुरक्षणको लागि प्रयोग हुने सामाग्रीहरुलाई लेखाङ्कन गर्ने गरेको छ ।

### ३.१० प्रशासनिक तथा अन्य खर्चको लेखांकन

कोषले निक्षेप तथा कर्जा सुरक्षण कोषबीच खर्च बाँडफाँट गर्ने क्रममा कुल खर्चको ७० प्रतिशत रकम कर्जा सुरक्षण कोषको आय विवरणमा र बाँकी ३० प्रतिशत रकम निक्षेप सुरक्षण कोषको आय विवरणमा बाँडफाँट गर्ने नीति अवलम्बन गरेको छ ।

### ३.१०.१ कर्मचारी खर्च

कर्मचारी खर्च अन्तर्गत अल्पकालीन कर्मचारी सुविधा खर्च, सेवानिबृत्ति पश्चातको कर्मचारी सुविधा खर्च, अन्य दीर्घकालीन कर्मचारी सुविधा खर्च र सेवासमाप्तिको बखत प्रदान गर्ने सुविधाहरु पर्दछन् ।

#### (क) अल्पकालीन कर्मचारी सुविधा खर्च

अल्पकालीन कर्मचारी सुविधाअन्तर्गत कर्मचारीले सेवा पुर्‍याएको अवधि वा सो पश्चात १२ महिनाको अवधिभित्र फरछ्यौट हुने सुविधाहरु (जस्तैः तलब, भत्ता, बोनस, आदि) पर्दछन् ।अल्पकालीन कर्मचारी सुविधालाई प्रोदभावी आधारमा खर्च लेखाङ्कन गर्ने नीति लिइएको छ । आर्जीत भएका तर तिर्न बाँकी सुविधाबापतको भुक्तानीलाई दायित्वको रुपमा देखाइएको छ । अल्पकालीन कर्मचारी सुविधा खर्चको विवरण टिप्पणी ४.१९ मा रहेको छ ।

#### (ख) अवकाश पछिको कर्मचारी सुविधा

यस्ता सुविधा अन्तर्गत, निश्चित योगदान योजना (Defined Contribution Plan) तथा निश्चित सुविधा योजनाहरु (Define Benefit Plan) पर्दछन् ।

निश्चित योगदान योजना अन्तर्गत निकायले निश्चित रकम कर्मचारी अवकाश सुविधा कोषमा जम्मा गरे पश्चात निकायको कानुनी तथा रचनात्मक (Constructive) दायित्व फरछ्यौट हुने खालका सुविधाहरु पर्दछन् । संस्थाले प्रदान गर्ने सेवा निबृत्ति पश्चातको कर्मचारी सुविधामध्ये कर्मचारी सञ्चयकोष योगदान निश्चित योगदान योजनाको चरित्रसँग मिल्दछ । यस्तो सुविधालाई संस्थाले यस वर्षको वित्तीय विवरणमा प्रोदभाबी आधारमा खर्च लेखाङ्कन गरेको छ ।

संस्थाको कर्मचारी सेवा शर्त विनियमावली अनुसार कर्मचारी सञ्चयकोष योगदान बापत संस्था कर्मचारीको तलबको १० प्रतिशत रकम थप गरी कर्मचारीबाट सोही रकम कट्टा गरी स्वीकृत अवकास कोषमा जम्मा गर्ने नीति लिएको छ ।

निश्चित सुविधा योजना अन्तर्गत अवकासको बखत प्रदान गरिने सुविधा स्पष्ट भएको तर सुविधा बापत भुक्तान

गरिने रकमको यकिन अवकास पाउने कर्मचारीले प्राप्त गर्ने अन्तिम तलबमानमा आधारित हुने सुविधाहरु पर्दछन् । यस्ता सुविधाहरुमा एक्चुरियल जोखिम (सुविधाको मूल्य सोचेभन्दा बढि पर्न सक्ने जोखिम) तथा लगानी जोखिमहरु हुन सक्छन् ।

संस्थाको विनियमावलीले तोकेको आधारमा संस्थाका कर्मचारीहरुमध्ये सेवा निवृत्त हुँदा प्रदान गरिने देहाय बमोजिमका सुविधाहरु निश्चित सुविधा योजनाअन्तर्गत पर्दछन् :

- » उपदान सुविधा
- » सञ्चित बिदाबापतको भुक्तानी

यस्ता सुविधाहरुको प्रत्येक वर्ष स्वतन्त्र एक्चुअरीबाट एक्चुरियल मूल्याङ्कन गराई प्राप्त नतिजा अनुरुप खर्च तथा दायित्व लेखाङ्कन गर्ने नीति लिइएको छ । एक्चुरियल मूल्याङ्कनबाट मूल्याङ्कित दायित्व मध्येबाट केही रकम कर्मचारी अवकाश कोषमा जम्मा गर्ने (Funding) गरिएको छ ।

अवकास पछिको कर्मचारी सुविधा खर्चको विवरण टिप्पणी ४.१९ मा रहेको छ ।

### (ग) दीर्घकालीन कर्मचारी सुविधा

दीर्घकालीन कर्मचारी सुविधा अन्तर्गत लामो अवधिको बिदा, लामो अवधिको अशक्तता सुविधा लगायत पर्दछन् । संस्थाले प्रदान गर्ने यस्ता सुविधाहरुको लेखाङ्कन एक्चुरियल मूल्याङ्कनको आधारमा गर्ने नीति लिएको छ ।

### (घ) सेवा समाप्तिका बखत प्रदान गर्ने सुविधाहरु

सेवा समाप्तिका बखत प्रदान गर्ने सुविधाहरु बापतको खर्च तथा दायित्वहरु देहायका मध्ये अघिल्लो मितिमा लेखाङ्कन गर्ने नीति लिएको छ :

- » संस्थाले कर्मचारीको सेवा समाप्तिको लागि गरेको प्रस्ताव फिर्ता लिनसक्ने अवस्था नरहेमा, वा संस्थाको पुर्नसंरचनाको लागि गर्ने खर्च नेपाल लेखामान ३७ को परिधि (Scope) भित्र रहेको र सेवा समाप्तिको बखत भुक्तानी संलग्न रहेको ।

## ३.१०.२ ह्रास कट्टी तथा परिशोधन खर्च

ह्रास कट्टी तथा परिशोधन सँग सम्बन्धीत नितीहरु माथिका बुँदाहरु ३.१ र ३.२ मा उल्लेख गरीएको छ । ह्रास कट्टि तथा परिशोधन खर्चको विवरणहरु टिप्पणी ४.२० मा रहेका छन् ।

## ३.१०.३ अन्य संचालन खर्च

संस्थाको अन्य संचालन खर्च अन्तर्गत चालु अवधिमा कार्य सञ्चालनका लागि भएका खर्चहरु रहन्छन् । यस्ता खर्चलाई प्रोद्भाबी आधारमा लेखांकन गरिएको छ । अन्य संचालन खर्चको विवरणहरु टिप्पणी ४.२१ मा रहेका छन् ।

## ३.११ बोनस खर्च

बोनस ऐन, २०३० र बोनस नियमावली, २०३९ को नियम ६ अनुसार आयकर व्यवस्था अघिको खुद नाफाको १ प्रतिशत रकम बोनस बापत छुट्टयाई खर्च लेख्ने नीति लिइएको छ । संस्थाले बोनस ऐन तथा नियमावली बमोजिम अर्थ मन्त्रालयबाट स्वीकृत लिई बोनस वितरण गर्नुपर्नेमा प्रतिवेदनको मितिसम्म सो स्वीकृति प्राप्त भएको छैन । वोनस दायित्वको रकम व्यवस्था अन्तर्गत टिप्पणी ४.१२ मा प्रस्तुत गरीएको छ ।

## ३.१२ आयकर

संस्थाको नाफा—नोक्सान खातामा देखिने आयकर खर्च संस्थाले तत्काल बहन गर्नुपर्ने आयकर दायित्व र स्थगन गरिएको आयकरबापत आम्दानी-खर्चको योग हो ।

संस्थाको आयकर लेखाङ्कन NAS 12 - Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

### क) चालु आयकर दायित्व

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो ।

चालु अवधिको आयकर दायित्व सम्बन्धीत आ.व.को करयोग्य मुनाफाले निर्धारण गर्दछ । प्रचलित कर कानुन तथा लेखा अभ्यासमा रहेको भिन्नताको कारणले संस्थाको मुनाफा निर्धारण गर्दा संलग्न खर्च तथा आम्दानीमध्ये कतिपय खर्च तथा आम्दानीहरु कर प्रयोजनको लागि कुनै अर्को आर्थिक वर्षमा संलग्न गरिने तथा कतिपय खर्च तथा आम्दानीहरु कर प्रयोजनका लागि संलग्न नै नगरिने कारणले संस्थाको नाफा— नोक्सान हिसाबले देखाएको खुद मुनाफा र करयोग्य मुनाफा फरक पर्न सक्दछ ।

संस्थाले तत्काल बहन गर्नुपर्ने आयकर दायित्व आयकर ऐन, २०५८ ले निर्दिष्ट गरे बमोजिम गणना गरिएको करयोग्य आयमा बैधानिक आयकर दर लगाई गणना गर्ने नीति लिइएको छ । आयकर ऐन, २०५८ को परिच्छेद २२ बमोजिमको शुल्क तथा व्याज दफा १२२ बमोजिम आन्तरिक राजस्व विभागले गणना गर्ने व्यवस्था भए बमोजिम वित्तीय विवरणको तयारी गर्दा सोको गणना गरिएको छैन ।

### ख) स्थगन कर

सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएका करआधार तथा वित्तीय विवरणमा प्रस्तुत लेखा आधार बीचको अस्थायी भिन्नतामा स्थगन कर गणना गरिन्छ ।

सामान्यतया स्थगन कर सबै करयोग्य अस्थायी भिन्नता (Taxable Temporary Differences) मा गणना गरिन्छ । कट्टियोग्य अस्थायी भिन्नता (Deductible Temporary Differences) को Set off को लागि करयोग्य आय उपलब्ध हुनसक्ने सम्भावना रहेमा कट्टियोग्य अस्थायी भिन्नतामा समेत स्थगन कर गणना गरिन्छ । सम्पत्ति तथा दायित्वको प्रारम्भिक लेखाङ्कनले करयोग्य मुनाफा तथा लेखा मुनाफामा कुनै प्रभाव नपार्ने भएमा स्थगन कर गणना गरिंदैन तर व्यवसाय गाभिएको कारण त्यस्ता सम्पत्ति तथा दायित्वको प्रारम्भिक लेखाङ्कन भएमा स्थगन कर गणना गरिन्छ । त्यस्तै, ख्यातिको प्रारम्भिक लेखाङ्कनमा समेत स्थगन कर गणना गर्रिंदैन ।

स्थगन कर गणना गर्दा त्यस्ता अस्थायी फरकहरु खपत हुने वा मुक्त हुने आर्थिक वर्षमा प्रभाव हुने करको दर प्रयोग गरिन्छ । करको दरमा भएको परिवर्तनले परिवर्तन गर्ने स्थगन कर सम्पत्ति वा दायित्व करको दर परिवर्तन भएको वर्षमा समायोजन गरिन्छ ।

यस संस्थामा मुख्यतः कर्मचारी अवकाश दायित्वको व्यवस्था तथा स्थिर सम्पत्तिको अस्थायी भिन्नताको कारण स्थगन कर सृजना हुन आउँछ ।

स्थगन कर खर्च-(आम्दानी) को विवरणहरु टिप्पणी ४.२२ मा रहेका छन् ।

## ३.१३ सम्भावित दायित्वहरु

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखांकन NAS 37 - Provisions, Contingent Liabilities &

Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन् ।

क. विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरुले निक्र्यौल गर्दछ ।

ख. विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएका दायित्वहरुः

ग. दायित्व निःसर्ग गर्नका लागि आर्थिक श्रोत बाहिरिने सम्भावना नरहेको,

घ. दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको अनुसार सम्भावित दायित्व अन्तर्गत देखाईन्छ ।

संस्थालाई थाहा भएसम्मको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा निस्कने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाईन्छ ।

सम्भावित दायित्वसंग सम्बन्धीत विवरणहरु टिप्पणी न.४.२४ मा उल्लेख गरिएको छ ।

## ३.१४ सम्भावित जोखिमहरु

संस्थाका केही सम्भावित जोखिमहरु

### संचालन जोखिम

संचालन जोखिम अपर्याप्त वा असफल प्रक्रियाहरू, प्रणाली वा नीतिहरू, कर्मचारी त्रुटिहरू, प्रणाली विफलता, धोखाधडी वा अन्य आपराधिक गतिविधिहरू, व्यापार प्रक्रियाहरूलाई बाधा पुर्याउने कुनै पनि घटनाबाट हुने क्षतिको सम्भावना हो ।

संचालन जोखिम एक्सपोजरहरू व्यवस्थापन प्रक्रियाहरूको एक सुसंगत सेट मार्फत व्यवस्थित गरिन्छ जसले जोखिम पहिचान, मूल्याङ्कन, नियन्त्रण र अनुगमन गर्दछ । संस्थाको सञ्चालन जोखिम नियन्त्रणका लागि यससँग वित्तीय प्रशासन नीति, कर्मचारी नियमावली, सञ्चालन पुस्तिका, वार्षिक योजना, जसले दैनिक सञ्चालनलाई मार्गदर्शन गर्दछ । प्रत्येक जोखिम नियन्त्रण मालिक भौतिक जोखिमहरू पहिचान गर्न र संगठनमा प्रभावकारी नियन्त्रण वातावरण कायम राख्न जिम्मेवार हुन्छन् । जोखिम नियन्त्रण निम्न गतिविधिहरूको व्यवस्थापनबाट उत्पन्न हुने गर्दछ । बाह्य नियम र नियमहरू, दायित्व, कानूनी परिवर्तनीयता, भौतिक सम्पत्तिको क्षति वा हानि, सुरक्षा, आन्तरिक धोखाधडी वा बेइमानी, बाह्य धोखाधडी, सूचना । सुरक्षा, प्रशोधन विफलता र मोडेल परिचालन जोखिमको नियन्त्रणको लागि जिम्मेवार हुन्छन् । सञ्चालन जोखिम सबै व्यापार लाइनहरु र संस्थाद्वारा संचालित सबै गतिविधिहरुबाट उत्पन्न हुन सक्छ । परिचालन जोखिम व्यवस्थापन दृष्टिकोणले सबै व्यापार खण्डहरू, उत्पादनहरू र कार्य प्रक्रियाहरूको लागि परिभाषित पूर्ण प्रक्रिया कायम गरेर परिचालन जोखिमको व्यवस्थापन सुनिश्चित गदर्छ ।

### प्रतिष्ठा जोखिम

प्रतिष्ठा जोखिम भनेको संस्थाको प्रतिष्ठामा हुने क्षति, आँच हो। यस अन्तर्गत संस्थाले आफ्नो सेवा सम्पादन समयमा गर्न नसक्ने, दायित्व भुक्तानी गर्न नसक्ने, बजेट समयमा पारित गर्न नसक्ने, नियमक निकायको

व्यवस्था परिपालन गर्न नसक्ने जस्ता कारणबाट यस किसिमको जोखिम उत्पन्न हुन्छ । यस किसिमको जोखिम न्यूनिकरणका लागि संस्थाले स्थापित जोखिम पहिचान तथा ब्यवस्थापनको प्रणली प्रतिस्थापित गरी कार्यन्वयन गर्नु पर्दछ । संस्थाको प्रतिष्ठामा हुने आँचले संस्था प्रति सेवग्राहीको विश्वास, कर्मचारीको कार्य निरन्तरता, आम्दानी लगायत क्षेत्रमा असर हुने गर्दछ ।

## अनुपालन जोखिम

अनुपालन जोखिम कानुनी वा नियामक प्रतिबन्ध, भौतिक आर्थिक हानि, वा कानून, नियम र मापदण्डहरूको पालना गर्न असफलताको कारण प्रतिष्ठामा हानिको जोखिम हो ।

संस्थाले उत्तरदायित्व, पारदर्शिता र व्यापार नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यास र बजार मापदण्डहरू पालना गर्न प्रतिबद्ध छ । संस्थाले भ्रष्टाचार र अनियमिततालाई शून्य सहनशीलता दिने लक्ष्य राखेको छ ।

## रणनीतिक जोखिम

रणनीतिक जोखिम भनेको सस्थाको रणनीतिक उद्देश्यहरू प्राप्त गर्नमा हुने जोखिम हो, आन्तरिक र बाह्य घटनाहरू र परिदृश्यहरू जसले रणनीतिक उद्देश्यहरू प्राप्त गर्नबाट रोक्छ । रणनीतिक जोखिमलाई निम्न रूपमा परिभाषित गर्न सकिन्छ ।

क) अनुपयुक्त हुने रणनीतिको कारणले हुने हानिको जोखिम ।

ख) भविष्यका योजना र रणनीतिहरूसँग सम्बन्धीत जोखिम, नयाँ सेवाहरू प्रवेश गर्ने योजनाहरू र पूर्वाधारहरू विस्तार गर्ने आदि । प्रतिकूल व्यापारिक निर्णयहरू, निर्णयहरूको अनुचित कार्यान्वयन वा उद्योग परिवर्तनप्रति प्रतिक्रियाशीलताको अभाव आदिबाट उत्पन्न हुने व्यवस्थापनद्वारा गरिएका रणनीतिक निर्णयहरूको वर्तमान र सम्भावित प्रभाव ।

रणनीतिको आवधिक (वार्षिक) समीक्षा व्यवस्थापन समितिद्वारा गरिन्छ र संचालक समितिलाई रणनीतिक उद्देश्यको उपलब्धिको स्थिति, कार्यान्वयन स्थिति सही प्रतिभा र पूर्वाधारले उद्देश्य प्राप्तिमा सहयोग वा रणनीतिको अनपेक्षित परिणामहरू बारे रिपोर्टिङ गरिन्छ र यदि आवश्यक भएमा तिनीहरूको समयमै सुधार-अपडेटहरूको सुझाव दिइन्छ ।

जोखिम व्यवस्थापन (ERM) फ्रेमवर्कले रणनीतिक परिचालन, वित्तीय अनुपालन, जोखिमहरूको पहिचान, मूल्याङ्कन, न्यूनीकरण र अनुगमन सम्बन्धी अभ्यासहरू समावेश गर्दछ ।

समितिले ERM फ्रेमवर्क निरीक्षण, जोखिम व्यवस्थापन योजनाको अनुगमन र प्रभावकारिता सुनिश्चित गर्न जोखिम व्यवस्थापन समिति गठन गरेको छ।

# निक्षेप तथा कर्जा सुरक्षण कोष
# असार ३२, २०८२ को वित्तीय विवरणसँग सम्बन्धीत टिप्पणीहरु

## टिप्पणी ४.१ अदृष्य सम्पत्ति

| विवरण | कम्प्युटर सफ्टवेयर | सफ्टवेयर | प्रयोग गर्ने अधिकार भएको | जम्मा |
|---|---|---|---|---|
| **असार ३१, २०८०** | | | | |
| **कूल लागत मूल्य** | | | | |
| असार ३२, २०७९ सम्मको लागत मूल्य | २,०१०,८१७.०० | ६,०३८,७२०.०० | - | ८,०४९,५३७.०० |
| आ.व. २०७९/८० मा अदृष्य सम्पत्तिमा थप गरीएको | - | - | ४३८,४४०.०० | ४३८,४४०.०० |
| आ.व. २०७९/८० मा बिक्री/अपलेखन | - | - | - | - |
| **असार ३१, २०८० को कूल किताबी मूल्य** | **२,०१०,८१७.००** | **६,०३८,७२०.००** | **४३८,४४०.००** | **८,४८७,९७७.००** |
| **सञ्चित परिशोधन** | | | | |
| आ.व. २०७९/८० को शुरु सञ्चित परिशोधन मौज्दात | ५७१,१२८.३० | ३,५८३,८५३.६३ | ४९,९८३.६७ | ४,२०४,९६५.६० |
| आ.व. २०७९/८० को थप परिशोधन | ८१८,८९७.९५ | - | - | ८१८,८९७.९५ |
| आ.व. २०७९/८० मा बिक्री/अपलेखनको परिशोधन | - | - | - | - |
| **असार ३१, २०८० को कूल सञ्चित परिशोधन** | **१,३९०,०२६.२५** | **३,५८३,८५३.६३** | **४९,९८३.६७** | **५,०२३,८६३.५५** |
| **असार ३१, २०८० को खुद किताबी मूल्य** | **६२०,७९०.७५** | **२,४५४,८६६.३७** | **३८८,४५६.३३** | **३,४६४,११३.४५** |
| **असार ३१, २०८१** | | | | |
| **कूल लागत मूल्य** | | | | |
| असार ३१, २०८० सम्मको लागत मूल्य | २,०१०,८१७.०० | ६,०३८,७२०.०० | ४३८,४४०.०० | ८,४८७,९७७.०० |
| आ.व. २०८०/८१ मा अदृष्य सम्पत्तिमा थप गरीएको | | - | ३९५,५००.०० | ३९५,५००.०० |
| आ.व. २०८०/८१ मा बिक्री/अपलेखन | - | - | - | - |
| **असार ३१, २०८१ को कूल किताबी मूल्य** | **२,०१०,८१७.००** | **६,०३८,७२०.००** | **८३३,९४०.००** | **८,८८३,४७७.००** |
| **सञ्चित परिशोधन** | | | | |
| आ.व. २०८०/८१ को शुरु सञ्चित परिशोधन मौज्दात | १,३९०,०२६.२५ | ३,५८३,८५३.६३ | ४९,९८३.६७ | ५,०२३,८६३.५५ |
| आ.व. २०८०/८१ को थप परिशोधन | १२४,१५८.१५ | ४९०,९७३.२७ | ११६,७१३.९३ | ७३१,८४५.३६ |
| आ.व. २०८०/८१ मा बिक्री/अपलेखनको परिशोधन | - | - | - | - |
| **असार ३१, २०८१ को कूल सञ्चित परिशोधन** | **१,५१४,१८४.४०** | **४,०७४,८२६.९०** | **१६६,६९७.६०** | **५,७५५,७०८.९०** |
| **असार ३१, २०८१ को खुद किताबी मूल्य** | **४९६,६३२.६०** | **१,९६३,८९३.१०** | **६६७,२४२.४०** | **३,१२७,७६८.१०** |
| **असार ३२, २०८२** | | | | |
| कूल लागत मूल्य | | | | |
| असार ३२, २०८१ सम्मको लागत मूल्य | २,०१०,८१७.०० | ६,०३८,७२०.०० | ८३३,९४०.०० | ८,८८३,४७७.०० |
| आ.व. २०८१/८२ मा अदृष्य सम्पत्तिमा थप गरीएको | ८२२,४९२.०० | - | | ८२२,४९२.०० |
| आ.व. २०८१/८२ मा बिक्री/अपलेखन | - | - | - | - |
| **असार ३१, २०८२ को कूल किताबी मूल्य** | **२,८३३,३०९.००** | **६,०३८,७२०.००** | **८३३,९४०.००** | **९,७०५,९६९.००** |
| **सञ्चित परिशोधन** | | | | |
| आ.व. २०८१/८२ को शुरु सञ्चित परिशोधन मौज्दात | १,५१४,१८४.४० | ४,०७४,८२६.९० | १६६,६९७.६० | ५,७५५,७०८.९० |
| आ.व. २०८१/८२ को थप परिशोधन | ५७७,३०४.७३ | १,६९७,५८५.३३ | १३३,४४८.४८ | २,४०८,३३८.५४ |
| आ.व. २०८१/८२ मा बिक्री/अपलेखनको परिशोधन | - | - | - | - |
| **असार ३२, २०८२ को कूल सञ्चित परिशोधन** | **२,०९१,४८९.१३** | **५,७७२,४१२.२३** | **३००,१४६.०८** | **८,१६४,०४७.४४** |
| **असार ३२, २०८२ को खुद किताबी मूल्य** | **७४१,८१९.८७** | **२६६,३०७.७७** | **५३३,७९३.९२** | **१,५४१,९२१.५६** |

# निक्षेप तथा कर्जा सुरक्षण कोष
# असार ३२, २०८१ को वित्तीय विवरणसँग सम्बन्धीत टिप्पणीहरु

## टिप्पणी ४.२ जायजेथा, प्लाण्ट तथा उपकरण

संस्थाले ह्रासयोग्य सम्पत्तिलाई उपयोग्य आयुका आधारमा ह्रास कट्टी गरेको छ । जायजेथा, प्लाण्ट तथा उपकरणको उपयोग्य आयु लेखा नीति नं ३.२ मा उल्लेख गरिएको छ । चालु आ.व.मा क्षयिकरण खर्च नरहेको र वित्तीय विवरणमा लागतमा संचित ह्रास कट्टि र संचित क्षयिकरण खर्च खुद गरी प्रस्तुत गरिएको छ ।

| विवरण | जग्गा | भवन | कार्यालय उपकरण | सवारी साधन | अन्य सम्पत्ती | जम्मा |
|---|---|---|---|---|---|---|
| **कूल लागत मूल्य** | | | | | | |
| असार ३२, २०७९ सम्मको लागत मूल्य | २२०,९२६,९४९ | १९७,४५४,४२४ | २७,०४५,७१४ | १६,६९४,६७० | ८०,७८१ | ४६२,२०२,५३८ |
| आ.व. २०७९/८० मा थप | - | ७७५,९७६ | ४,४५०,१९३ | ६,८४७,७७० | २५३,३४६ | १२,३२७,२८४ |
| आ.व. २०७९/८० मा बिक्री/अपलेखन | - | - | - | - | - | - |
| रकमान्तर/स्थानान्तरण | - | - | - | - | - | - |
| **असार ३१, २०८० को कुल किताबी मूल्य** | **२२०,९२६,९४९** | **१९८,२३०,४००** | **३१,४९५,९०७** | **२३,५४२,४४०** | **३३४,१२७** | **४७४,५२९,८२२** |
| **सञ्चित प्रतिशोधन** | | | | | | |
| आ.व. २०७९/८० को शुरु सञ्चित ह्रासकट्टी मौज्दात | - | १२,९१२,९९१ | ११,९३३,२३९ | ९,७७९,६३० | ५०,५०१ | ३४,६७६,३६१ |
| आ.व. २०७९/८० को थप ह्रासकट्टी | - | ९,२४६,०१७ | ४,६२१,९८८ | १,९११,२२९ | ३०,८६६ | १५,८१०,१०० |
| आ.व. २०७९/८० मा बिक्री/अपलेखनको ह्रासकट्टी | - | - | - | - | - | - |
| **असार ३१, २०८० को कूल सञ्चित ह्रासकट्टी** | - | **२२,१५९,००८** | **१६,५५५,२२७** | **११,६९०,८५९** | **८१,३६७** | **५०,४८६,४६१** |
| **असार ३१, २०८० को खुद किताबी मूल्य** | **२२०,९२६,९४९** | **१७६,०७१,३९२** | **१४,९४०,६८०** | **११,८५१,५८१** | **२५२,७६०** | **४२४,०४३,३६२** |
| **कूल लागत मूल्य** | | | | | | |
| असार ३१, २०८० सम्मको लागत मूल्य | २२०,९२६,९४९ | १९८,२३०,४०० | ३१,४९५,९०७ | २३,५४२,४४० | ३३४,१२७ | ४७४,५२९,८२२ |
| आ.व. २०८०/८१ मा थप | - | ५५०,७८० | २,६६९,८३० | ३२१,९०० | ५६,००० | ३,५९८,५१० |
| आ.व. २०८०/८१ मा बिक्री/अपलेखन | - | - | - | - | - | - |
| रकमान्तर/स्थानान्तरण | - | - | - | - | - | - |
| **असार ३१, २०८१ को कुल किताबी मूल्य** | **२२०,९२६,९४९** | **१९८,७८१,१८०** | **३४,१६५,७३७** | **२३,८६४,३४०** | **३९०,१२७** | **४७८,१२८,३३२** |
| **सञ्चित प्रतिशोधन** | | | | | | |
| आ.व. २०८०/८१ को शुरु सञ्चित ह्रासकट्टी मौज्दात | - | २२,१५९,००८ | १६,५५५,२२७ | ११,६९०,८५९ | ८१,३६७ | ५०,४८६,४६१ |
| आ.व. २०८०/८१ को थप ह्रासकट्टी | - | ८,८१३,५१८ | ४,२३८,०७५ | २,३९१,७७६ | ४०,७१३ | १५,४८४,०८१.९१ |
| आ.व. २०८०/८१ मा बिक्री/अपलेखनको ह्रासकट्टी | - | - | - | - | - | - |
| **असार ३१, २०८१ को कूल सञ्चित ह्रासकट्टी** | - | **३०,९७२,५२५** | **२०,७९३,३०२** | **१४,०८२,६३५** | **१२२,०८०** | **६५,९७०,५४३** |
| **असार ३१, २०८० को खुद किताबी मूल्य** | **२२०,९२६,९४९** | **१७६,०७१,३९२** | **१४,९४०,६८०** | **११,८५१,५८१** | **२५२,७६०** | **४२४,०४३,३६२** |
| **असार ३१, २०८१ को खुद किताबी मूल्य** | **२२०,९२६,९४९** | **१६७,८०८,६५५** | **१३,३७२,४३५** | **९,७८१,७०५** | **२६८,०४७** | **४१२,१५७,७९०** |
| **कूल लागत मूल्य** | | | | | | |
| असार ३१, २०८१ सम्मको लागत मूल्य | २२०,९२६,९४९ | १९८,७८१,१८० | ३४,१६५,७३७ | २३,८६४,३४० | ३९०,१२७ | ४७८,१२८,३३२ |
| आ.व. २०८१/८२ मा थप | - | १५,६८७,२३४ | २,७८७,२३६ | ६३२,८०० | ११,८६५ | १९,११९,१३४ |
| आ.व. २०८१/८२ मा बिक्री/अपलेखन | - | - | - | - | - | - |
| रकमान्तर/स्थानान्तरण | - | - | - | - | - | - |
| **असार ३२, २०८२ को कुल किताबी मूल्य** | **२२०,९२६,९४९** | **२१४,४६८,४१४** | **३६,९५२,९७३** | **२४,४९७,१४०** | **४०१,९९२** | **४९७,२४७,४६७** |
| **सञ्चित प्रतिशोधन** | | | | | | |
| आ.व. २०८१/८२ को शुरु सञ्चित ह्रासकट्टी मौज्दात | - | ३०,९७२,५२५ | २०,७९३,३०२ | १४,०८२,६३५ | १२२,०८० | ६५,९७०,५४३ |
| आ.व. २०८१/८२ को थप ह्रासकट्टी | - | ८,८८६,९५२ | ३,९३०,४०५ | १,९९८,५२८ | ४१,३९३ | १४,८५७,२७७.५७ |
| आ.व. २०८१/८२ मा बिक्री/अपलेखनको ह्रासकट्टी | - | - | - | - | - | - |
| **असार ३२, २०८२ को कूल सञ्चित ह्रासकट्टी** | - | **३९,८५९,४७७** | **२४,७२३,७०७** | **१६,०८१,१६३** | **१६३,४७३** | **८०,८२७,८२०** |
| **असार ३२, २०८२ को खुद किताबी मूल्य** | **२२०,९२६,९४९** | **१६७,८०८,६५५** | **१३,३७२,४३५** | **९,७८१,७०५** | **२६८,०४७** | **४१२,१५७,७९०** |
| **असार ३२, २०८२ को खुद किताबी मूल्य** | **२२०,९२६,९४९** | **१७४,६०८,९३७** | **१२,२२९,२६५** | **८,४१५,९७७** | **२३८,५१९** | **४१६,४१९,६४७** |

# निक्षेप तथा कर्जा सुरक्षण कोष
# असार ३२, २०८२ को वित्तीय विवरणसँग सम्बन्धीत टिप्पणीहरु

## टिप्पणी ४.३ स्थगन कर

### ३१ असार २०८१ मा अन्त्य हुने आ.व.को लागि

| विवरण | लेखा आधार | कर आधार | अस्थायी भिन्नता | कैफियत |
|---|---|---|---|---|
| जायजेथा, प्लाण्ट तथा उपकरण | १९४,३५८,६०९ | २११,६४८,०९३ | १७,२८९,४८४ | सम्पत्ति |
| कर्मचारी पेन्सन कोष | १२९,७६७,०५७ | - | १२९,७६७,०५७ | सम्पत्ति |
| बिदा व्यवस्था | १५,५६८,२५५ | - | १५,५६८,२५५ | सम्पत्ति |
| कर्मचारी कर्जा र स्थगन खर्च | ८५,७७२,४३८ | ८६,९१४,६३० | १,१४२,१९३ | सम्पत्ति |
| **जम्मा अस्थायी भिन्नता** | | | **१६३,७६६,९८९** | |
| करको दर | | | ३०% | |
| **स्थगन कर सम्पत्ति-(दायित्व)** | | | **४९,१३०,०९७** | |
| गत आ.व. सम्मको स्थगन कर सम्पत्ति-(दायित्व) | | | ५२,५७५,६२३ | |
| **यस आ.व.को स्थगन कर आम्दानी-(खर्च) (क+ख)** | | | **(३,४४५,५२६.३१)** | |
| स्थगन कर आम्दानी-(खर्च) नाफा नोक्सानमा सारेको (क) | | | (७,२६५,९६७) | |
| स्थगन कर आम्दानी-(खर्च) अन्य बिस्तृत आम्दानीमा सारेको (ख) | | | ३,८२०,४४१ | |

### ३२ असार २०८२ मा अन्त्य हुने आ.व.को लागि

| विवरण | लेखा आधार | कर आधार | अस्थायी भिन्नता | कैफियत |
|---|---|---|---|---|
| जायजेथा, प्लाण्ट तथा उपकरण | १९७,०३४,६१९ | २१०,६३०,५०२ | १३,५९५,८८३ | सम्पत्ति |
| कर्मचारी उपदान कोष | ३५,२२९,२६९ | - | ३५,२२९,२६९ | सम्पत्ति |
| कर्मचारी कर्जा र स्थगन खर्च | ९४,६१५,९४२ | ९९,४९२,०९० | ४,८७६,१४९ | सम्पत्ति |
| बिदा व्यवस्था | १७,३५९,९३१ | - | १७,३५९,९३१ | सम्पत्ति |
| कर्मचारी पेन्सन कोष | १२५,२००,५४५ | - | १२५,२००,५४५ | सम्पत्ति |
| कर्मचारी सुरक्षण कोष | ४२,०२४,०४० | - | ४२,०२४,०४० | सम्पत्ति |
| **जम्मा अस्थायी भिन्नता** | | | **२३८,२८५,८१७** | |
| करको दर | | | ३०% | |
| **स्थगन कर सम्पत्ति र (दायित्व)** | | | **७१,४८५,७४५** | |
| गत आ।व। सम्मको स्थगन कर सम्पत्ति र (दायित्व) | | | ४९,१३०,०९७ | |
| **यस आ.व.को स्थगन कर आम्दानी-(खर्च) (क+ख)** | | | **२२,३५५,६४८** | |
| स्थगन कर आम्दानी-(खर्च) नाफा नोक्सानमा सारेको (क) | | | २७,७७२,१८९ | |
| स्थगन कर आम्दानी-(खर्च) अन्य बिस्तृत आम्दानीमा सारेको (ख) | | | (५,४१६,५४१) | |
